जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ | •अंक १४१ | • २०७९ साल आश्विन २७ गते बिहीबार (13 October, Thursday, 2022) | •पृष्ठ ८ | •मूल्य रु. ५।-

# पत्नीसहित ३ को हत्या गर्ने आरोपि पक्राउ

**टुडे समाचारदाता**

कलैया । बारा जिल्लाको प्रसौनी गाउँपालिका वडा नम्बर ५ बस्ने  दीपेन्द्र चौधरीलाई श्रीमती सहित ३ जनाको हत्या अभियोगमा प्रहरीले पक्राउ गरेको छ।

बाराका प्रहरी प्रमुख एसपी हबिन्द्र बोगटीले श्रीमती सुजाता चौधरी सहित दुई जना नाबालक सन्तानलाई धारिलो हतियारले

> **पत्नी सुजाता, ४ वर्षीया छोरी ताहिरा र १६ महिने छोरा राजविर चौधरीलाई खोलामा नै छाडेर दिपेन्द्र घर फर्केर धारिलो हतियारलगि हत्या गरेको बताइएको छ ।**

घाँटी रेटेर हत्या गरेको जनाएका छन् ।

हत्यापछि साईकल दुर्घटनामा घाइते भएका चौधरीको उपचार बारा जिल्लामै रहेको एलएस न्यूरो अस्पतालमा उपचार भइरहेको छ ।उपचारको क्रममा अस्पतालमा रहेका चौधरीलाई प्रहरीले निगरानी गरिरहेको छ ।उनी मंगलवार दुर्घटनामा परेको प्रहरीले जनाएको छ ।

चौधरीले गत २४ गते दुबै सन्तानसहित श्रीमतीलाई फकाएर प्रसौनी गाउँपालिकाको वडा नम्बर ७ मा पर्ने ढोरा खोलामा लगेर हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

पत्नी सुजाता, ४ वर्षीया छोरी ताहिरा र १६ महिने छोरा राजवीर चौधरीलाई खोलामा नै छाडेर दीपेन्द्र घर फर्केर धारिलो हतियारलगि हत्या गरेको बताइएको छ ।

स्थानीय बासिन्दाहरुले दीपेन्द्र र पत्नी सुजाताबीच मधुर सम्बन्ध रहेको थिएन् ।उनीहरुबीच झैझगडा हुने गरेको बताइएको छ ।हत्या गर्नु भन्दा दुई दिन अगाडि मात्र श्रीमतीलाई दीपेन्द्रले ससुरालीबाट फकाएर ल्याएका थिए ।

दीपेन्द्रको भनाई अनुसार प्रहरीले ढोरा खोलामा खोजतलाशगर्दा तीनै लाश फेला परेको थियो ।हत्या गरी खोलामा लाश फालिएको खबर दीपेन्द्रले लुकाए पनि उनका ससुराले प्रहरीमा छोरी र नातीनातिना हराइरहेको जानकारी गराएका थिए ।प्रहरीले अनुसन्धान थालेपछि दीपेन्द्र अस्पतालमा फेला परेको र त्यहाँ नै उनले हत्या गरेको खुलासा गरेको प्रहरीले जनाएको छ।

# पूर्व कांग्रेस ठाकुरलाई पूर्व कांग्रेसबाटै चुनौती

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरी जिल्लाको चारवटै निर्वाचन क्षेत्रमा चुनावी माहौल तातेको छ ।लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)का अध्यक्ष महन्थ ठाकुर फेरि महोत्तरी निर्वाचन क्षेत्र नम्बर ३ बाट नै प्रतिनिधि सभा सदस्यमा उम्मेदवारी दिएका छन् ।

ठाकुरले प्रदेश 'क'बाट अभिराम शर्मालाई  र प्रदेश 'ख'बाट रानी शर्मालाई उम्मेदवार बनाएका छन् ।२०७४ सालको चुनावमा तीनै जना विजयी भएका थिए ।

सत्तारुढ गठबन्धनबाट ठाकुरको उम्मेदवारी रहे पनि प्रदेशमा भने माओवादी केन्द्रका नेता रामकुमार शर्माले विरोध जनाएका छन् ।प्रदेश 'ख'बाट उम्मेदवारी दिएका शर्माले सो क्षेत्रबाट गठबन्धनको निर्णय विपरीत ठाकुरले रानी शर्मालाई उम्मेदवार बनाएको आरोप लगाएका छन् ।तर रामकुमार शर्माको उम्मेदवारी पार्टीले फिर्ता लिएकाले उनी आक्रोशित बनेका छन् ।

क्षेत्र ३ बाट प्रतिनिधि सभामा उम्मेदवारी दिएका प्रमुख ४ उम्मेदवार नै कांग्रेस परित्याग गरेर अन्य दल रोजेका हुन् ।लोसपाका अध्यक्ष रहेका ठाकुरपनि कांग्रेसका पूर्व नेता हुन् ।जनता समाजवादी पार्टी(जसपा)बाट उम्मेदवारी दिएका हरिनारायण यादव पनि कांग्रेसका पूर्व नेता हुन् ।

जसपामा हुञ्जेल ठाकुरका बलियो सहयोगी मानिने वृषेश चन्द्र लालले तराई



महन्थ ठाकुर



वृषेश चन्द्र लाल



हरि नारायण यादव



रामअधार कापर

मधेश लोकतान्त्रिक पार्टी(तमलोपा)का हाल अध्यक्ष हुन् ।पूर्व कांग्रेसी नेता रहेका लाल पनि सो क्षेत्रबाट प्रतिनिधि सभा सदस्यका उम्मेदवार हुन् । स्वतन्त्र उम्मेदवारी दिएका रामअधार कापर पनि कांग्रेसका पूर्व नेता हुन् ।पछिल्लो समय माओवादी केन्द्रमा रहेका कापरले स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

२०७४ सालको संसदीय निर्वाचनमा ठाकुरले २६ हजार ८ सय ४५ मत प्राप्त गरेका थिए । जसपा र कांग्रेसको पूर्ण समर्थन पाएका ठाकुरले तत्कालिन एमालेका उम्मेदवार विजय चौधरीलाई १८ हजार १ सय ६९ मतको फराकिलो अन्तरले पराजित गरेका थिए ।चौधरीले ८ हजार ६ सय ७६ मत प्राप्त गरेका थिए ।

हाल एमालेले जसपालाई साथ दिइरहेको छ ।एमाले र जसपा गठबन्धनले स्थानीय तहको चुनावमा कुल २४ हजार ७ सय ८८ मत प्राप्त गरेको छ ।तर सत्तारुढ गठबन्धनको ३३ हजार ५ सय ६८ मत रहेको छ ।स्थानीय तहको मत अन्तर ८ हजार ७ सय ८०  रहेको छ ।

सत्तारुढ गठबन्धनबाट अलग रहेका तमलोपाका अध्यक्ष वृषेशचन्द्र लालले ठाकुरलाई पर्ने मत नै बढी काट्ने छन् । प्रतिस्पर्धामा लाल अगाडि रहेको उनका सहयोगी विभा ठाकुरले बताइन् ।

माओवादी केन्द्रबाट अलग भएर स्वतन्त्र उम्मेदवारी दिएका कापर पनि प्रतिस्पर्धामा रहेका छन् । उनलेपनि सत्तारुढ गठबन्धनको मत काट्ने बताइएको छ ।

लोसपाका नेता समेत रहेका मटिहानी नगरपालिकाका मेयर हरिप्रसाद मण्डलले अहिले देखिएको अवस्था चुनावको अन्त्य सम्म नरहने बताउँदै चुनावको तिथि नजिकिने क्रमसँगै ठाकुरको अवस्था बलियो हुने दाबी गरे ।

'ठाकुरको संभवतःयो अन्तिम चुनाव हो' उनले भने, त्यसकारण क्षेत्रका मतदाताहरुले उनको पक्षमा मतदान गर्ने छन् ।

जसपाका उम्मेदवार यादवले आफ्नो जित सुनिश्चित भएको दाबी गर्छन् ।उनले एमाले र जसपाको मतका अतिरिक्त कांग्रेस, माओवादी र लोसपाकै मत पनि प्राप्त हुने विश्वास व्यक्त गरे । गत चुनावमा पनि कांग्रेसले उम्मेदवार फिर्ता लिएर ठाकुरलाई सघाएको थियो ।

हाल पिपरा गाउँपालिका र जलेश्वर नगरपालिकामा जसपाको कब्जा छ ।जसपाले सन्तुलनका लागि प्रदेश 'क'बाट दिपेन्द्र झालाई उम्मेदवार बनाएको छ ।त्यहाँ उनको स्थिति सुधारोन्मुख रहेको बताइन्छ ।

ठाकुरलाई पनि गत चुनाव जस्तो अवस्था नरहेको उनका समर्थकहरुलेपनि स्वीकार गर्न थालेका छन् ।उनीहरुले जित निश्चित रहे पनि मतान्तर कम रहने अनुमान गरेका छन् ।

कांग्रेसले उम्मेदवार नउठाए पनि प्रतिस्पर्धामा रहेका चारै जना उम्मेदवार कांग्रेसका पूर्व नेताहरु नै हुन् ।

महोत्तरीको निर्वाचन क्षेत्र नम्बर १ मा सत्तारुढ गठबन्धनबाट माओवादी केन्द्रका उम्मेदवार गिरिराजमणी पोखरेल र एमालेबाट लक्ष्मी महतोबीच प्रतिस्पर्धा छ ।महतोले उम्मेदवारी दिनेबेला जसपा छाडेर एमालेको टिकट लिएका थिए ।तर जसपाले पनि उनलाई सहयोग गरिरहेको छ।

निर्वाचन क्षेत्र नम्बर २ मा शरतसिंह भण्डारी फेरि जित्ने बलियो संभावना छ ।उनी सत्तारुढ गठबन्धनबाट उम्मेदवारी दिएका छन् ।एमालेका डा.रामपरीक्षण यादवले भने उनलाई कडा टक्कर दिने बताइएको छ ।

क्षेत्र नम्बर ४ जसपाका उम्मेदवार डा.सुरेन्द्र यादव र कांग्रेसका उम्मेदवार महेन्द्रकुमार रायबीच प्रतिस्पर्धा छ ।गत चुनावमा डा.यादवले रायलाई पराजित गरेका थिए ।






# १८औँ सूर्य नेपाल ज्याजमाण्डु-२०२२ सुरु




**टुडे समाचारदाता**

जनकपुरधाम । ज्याज फेस्टिभलको १८औँ संस्करण नेपालमा गुणस्तरीय ज्याज ल्याउन, सांस्कृतिक सीमाना नाघेर संगीतको माध्यमबाट शान्ति र करुणाको सन्देश फैलाउने उद्देश्यले अक्टोबर १३ देखि १९ सम्म हुने भएको छ।

कोभिड-१९ को महामारीका कारण दुई वर्षको अन्तरालपछि फर्किएको सूर्य नेपाल ज्याजमाण्डु-२०२२ मा जम्मा सात कलाकारको सहभागिता रहनेछ। ज्याजमाण्डु आयोजकका अनुसार छ दिनसम्म चल्ने ज्याज फेस्टिभल अक्टोबर १३ मा बालुवाटारस्थित मालपी इन्स्टिच्युटमा कन्सर्ट/संगीत प्रतियोगिताबाट सुरु हुनेछ । ज्याजमाण्डुको बहुप्रतिक्षित ज्याज बजार अक्टोबर १५ को दिउँसो आयोजित हुनेछ, जहाँ उपस्थितहरूले गोकर्ण फरेस्ट रिसोर्टमा अविश्वसनीय संगीतको आनन्द लिन सक्नेछन्। महोत्सव अक्टोबर १९ मा दरबारमार्गको होटल याक एन्ड यतिमा पूर्ण महोत्सवको तयारीका साथ समापन हुनेछ।

सन् २००२ मा पहिलो पटक आयोजना गरिएको ज्याजमाण्डु आजसम्म आउँदा सूर्य नेपालको सहकार्यको साथले अधिकतम उचाई लिन सफल भएको छ । ज्याज संगित प्रवर्द्धनको रुपमा शुरु गरिएको सूर्य नेपाल ज्याज फेष्टिभल अहिलेसम्म आइपुग्दा बहुप्रतिक्षित साँगितिक कार्यक्रमको रुपमा स्थापित भइसकेको छ।

धेरै मानिसहरूलाई संगीतको पहुँचमा पु-याउन सूर्य नेपाल ज्याजमाण्डुले निःशुल्क शोहरु, विद्यालय लक्षित शैक्षिक कार्यक्रमहरु तथा कार्यशालाहरू मार्फत सक्रिय रूपमा कार्य गरिरहेको छ। यसले संगीतकार, स्वयंसेवक, फ्यान, विद्यार्थी र श्रोतालाई एकै ठाउँमा ल्याएर सांस्कृतिक अन्तरक्रियालाई पनि प्रवर्द्धन गर्दै आएको छ।

नेपालकै अग्रणी व्यवसायिक संस्था सूर्य नेपाल प्रा.लि.ले ज्याज संगित प्रवर्द्धनको निमित्त ज्याजमाण्डु आयोजकहरुसंग सहकार्य गरी अन्तर्राष्ट्रिय कलाकारहरुलाई नेपालमा प्रस्तुति गर्न लाउने अभियानलाई निरन्तरता दिने जनाएको छ।

# सिस्नेरी-दक्षिणकालिका सडकखण्डमा यातायात सञ्चालन

मकवानपुर। पहिराका कारण तीन दिनदेखि अवरुद्ध मकवानपुरको सिस्नेरी-दक्षिणकालिकासडकखण्डमा बुधबारदखि यातायात पुनः सञ्चालनमा आएको छ।

इन्द्रसरोवर गाउँपालिका-३ सिस्नेरीमा आएको पहिराका कारण गत आइतबारदेखि अवरुद्ध भएको उक्त सडकखण्डमा यातायात सञ्चालनमा आएको हो।

इलाका प्रहरी कार्यालय भीमफेदीमा कार्यरत प्रहरी निरीक्षक प्रतिमा कार्कीका अनुसार ठूलो पहिरो खसेका कारण यातायात सञ्चालनमा ल्याउन समय लागेको हो । पहिराका कारण हेटौँडा-भीमफेदी हुँदै काठमाडौँ जाने छोटो दूरीको मार्ग भएर सञ्चालन हुने साना सवारीसाधन वैकल्पिक सडक प्रयोग गरेर सञ्चालन भइरहेको थियो।

हाल त्रिभुवन राजपथ, पूर्वपश्चिम राजमार्ग, कान्तिलोकपथलगायत सबै स्थानबाट सावरीसाधन सञ्चालन भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।रासस

# विमान स्थलमा जनकपुरधाम लेख्न आग्रह

**टुडे समाचारदाता**

जनकपुरधाम । विमान स्थलमा जनकपुरधाम लेख्न गौ संरक्षण मञ्च नेपालले अनुरोध गरेको छ। बुधबार संस्थाले पत्र जारी गरी जनकपुर विमान स्थल लेखिएको ठाउँमा 'धाम' जोड्न आग्रह गरेको छ।

अहिले त्यहाँ 'जनकपुर एयरपोर्ट' अंग्रेजी अक्षरमालेखिएकोछ।जनकपुरधाम उपमहानगरपालिकाले ०७४ चैत १७ गते 'धाम' लेख्नुपर्ने नगर परिषद्बाट निर्णय गरिसकेको हुनाले सो निर्णय कार्यान्वयनका लागि जनकपुरधाम लेख्नुपर्ने पत्रमा जिकिर गरिएको छ।

संस्था अध्यक्ष जगदीश महासेठको हस्ताक्षरसहित जारी भएको पत्र नेपाल नागरिक उड्डयन प्राधिकरण र जनकपुर विमान स्थललाई पठाइएको छ। यो पत्र जनकपुरधाम उपमहानगरपालिका, जिल्ला प्रशासन कार्यालय धनुषा र जिल्ला प्रहरी कार्यालय धनुषालाई बोधार्थ गरिएको छ।

# अपाङ्गता मैत्री निर्देशिका बनाउन जोड

**टुडे समाचारदाता**



जनकपुरधाम । अपाङ्गता मैत्री स्वास्थ्य निर्देशिका बनाउन सरोकारकलाहरुले जोड दिएका छन् । बुधबार जनकपुरधाममा नेत्रहीन युवा संघ नेपालले एक कार्यक्रम आयोजना गरी अपाङ्गता मैत्री स्वास्थ्य निर्देशिका बनाउन जोड दिएको छ।

कार्यक्रममा अपाङ्गता मैत्री यौन तथा प्रजनन स्वास्थ्य निर्देशिकाको ड्राफ्ट माथि छलफल भएको थियो। सरकारले बनाउन लागेको निर्देशिकामा अपाङ्गता भएका व्यक्तिलाई सहज पहुँच र छिटो सेवा दिने प्रावधानहरु राखिएको छ। निर्देशिकामा फरक क्षमता भएका हरेक वर्गलाई समेट्न र सुझाब संकलन गर्ने उद्देश्यले कार्यक्रम गरिएको थियो।

अपाङ्गलाई हरेक क्षेत्रमा सहज पहुँच हुने गरी निर्देशिका बनाउनु पर्ने कार्यक्रममा सहभागीहरुले सुझाब दिएका थिए । स्वास्थ्य कार्यालय अपाङ्गमैत्री नहुँदा सेवाबाट बञ्चित भएको कार्यक्रममा सहभागीहरुले गुनासो गरेका थिए । स्वास्थ्य कार्यालयको भवन अपाङ्गतामैत्री बनाउन उनीहरुले सरोकार बला निकायलाई पहल गर्न आग्रह गरिएको थियो । कार्यक्रममा स्वास्थ्य क्षेत्रका कर्मचारी र अपाङ्गता भएका व्यक्तिहरुको उपस्थिति रहेको थियो।

# अवैध हतियारसहित एक पक्राउ


**टुडे समाचारदाता**



बारा। बारामा अवैध हतियारसहित एक जना पक्राउ परेका छन । पक्राउ पर्नेमा पचरौता नगरपालिका-८ बाजोपट्टी टोल बस्ने २९ बर्षीय अमर राय यादव रहेका छन्। पचरौता नगरपालिका-९ तियर खोला पुल नजिकैबाट यादबलाई पक्राउ गरिएको बारा प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक राजेश थापाले जानकारी दिए।

प्लाष्टिकको बोराको झोला भित्र लुकाइ छिपाइ राखेको अवस्थामा अवैध घरेलु कटुवा पेस्तोल एक थान र चाकु एक थान १ फेला परेको प्रहरीले जनाएको छ। जिल्ला अदालतबाट पहिलो पटक ५ (पाँच) दिनको म्याद थपको अनुमति लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । जिल्लामा अपराधिक गतिविधि न्यूनिकरण गर्दै आगामी प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनलाई शान्तिपूर्ण रुपमा सम्पन्न गर्ने उद्देश्यले प्रहरीले सीमावर्ती क्षेत्रमा कडाइ गरेको छ।

# दिवाली र छठको खर्च जुटाउँदै कुमाल



महोत्तरी । मुलुक चुनावी रन्कोमा छ । जिल्लामै पनि चुनावका लागि राजनीतिक दल र उमेदवारको चहलपहल बढ्दो छ। तर, महोत्तरीका कुमाल जाति समुदाय यो रन्कोबाट बेखबर जस्तै बनेर दिवाली (तिहार) र छठपर्वको खर्च जोहो गर्न जुटेका छन्।

भर्खरै कसैगरी दसैँ पर्व टारेका कुमाल समुदायलाई अहिले दिवाली र छठको खर्चको जोहो गर्न माटाका भाँडा बनाउने व्यस्तताले छोपेको हो। चाडपर्वको विधि र प्रयोगको अभ्यासले दसैँभन्दा तिहार र छठमा माटाका भाँडाको माग बढ्ने भएकाले दसैँ सकेलगत्तै कुमाल माटाका भाँडा बनाउन दिनरात नभनी जुटेका छन्। दिवाली (दिपावली, तिहार) र छठपर्वमा कलश, दियो, घडा (गाग्रो) र छ्याची (दही जमाउने भाँडा), तौला (माटोको डेक्ची) र ढकना (बिर्को)सहित नयाँ माटाका भाँडा प्रयोग गरिने मैथिल परम्पराअनुसार जिल्लाका गाउँनगर बस्तीमा यस्ता भाँडाको माग बढ्ने गरेको छ। यसै बेलालाई आफ्नो कमाइको मुख्य समय ठानेर कुमाल समुदाय अहिले भाँडा बनाउन व्यस्त भएका हुन्।

"दसैँमा त हाम्रो सीपको खासै माग हुँदैन, खोजमेल गरेर नै दसैँ टारियो', जिल्लाको भङ्गाहा नगरपालिका-५ भुचक्रपुर कुमाल टोलका सीताराम पण्डित कुमालले भन्नुभयो, "दिपावली र छठमा भने अनिवार्य विधिमै माटाका भाँडाको प्रयोजन जोडिएकाले हाम्रो सीपको उत्पादन भाँडाको माग बढ्छ ।' दसैँपछिको तिहार र छठअघिको समय नै आफूहरुको वर्षभरिको नगद खर्चको जोहो गर्ने उपयुक्त समय हुने सीतारामको थप भनाइ छ।

अन्यबेला खासै प्रयोगमा नआउने माटाका भाँडा पर्व विशेषमा मिथिला परम्परामा अनिवार्य जस्तै मानिने भएकाले जिल्लाका सबैजसो बजारमा यसको बेग्लै बजार लाग्ने गरेको देखिन्छ। दिवाली र छठपर्वमा बालिने बत्ती माटोकै दियोमा बालिने, छठपर्वमा सूर्यदेवलाई चढाइँने दही माटोकै छ्याचीमा जमाउन पर्ने, लक्ष्मीपूजा र छठ आराधनाका बेला माटोकै कलश स्थापना गरिने र अन्य पूजा सामग्री पनि माटोका नयाँ भाँडामा राख्नुपर्ने परम्पराले यी पर्व विशेषमा माटाका भाँडाको कारोबार बढ्ने गरेको छ । यसै परम्पराको अवसरमा दिपावली र छठअघि माटाका भाँडाको बजार जम्ने गरेको कुमाल बताउँनुहुन्छ।

खासगरी कात्तिक कृष्णपक्ष सुरु हुनासाथ कुमाल समुदाय पर्व लक्षित भाँडा बनाउन व्यस्त हुने गर्छन् । दिवाली र छठ मिथिला क्षेत्रको साझा पर्वजस्तै भएकाले महोत्तरीका सबैजसो गाउँ/नगर बस्तीका हटियामा माटाका भाँडाका छुट्टै बजार लाग्ने गरेको छ । साप्ताहिक हटिया (सातामा फरक-फरक स्थानमा लाग्ने हाटबजार) बाहेक नगर/गाउँ बस्तीका चोक/चोकमै कुमालले माटाका भाँडाको बजार लगाउन सुरु गरिसकेका बर्दिबास उद्योग वाणिज्य सङ्घका कार्यबाहक अध्यक्ष कृष्णप्रसाद गौतम बताउनुहुन्छ।

मिथिला क्षेत्रमा माटाका नयाँ भाँडा शुभकार्य गर्न उत्तम हुने सामाजिक/सांस्कृतिक र धार्मिक मान्यताले दिवाली र छठपर्वमा यसको माग बढ्ने गरेको हो । कुमाल जाति दसैँ सकेर दिवाली, छठअघिको समयलाई किसानको मुख्य फसल धान थन्क्याउने मङ्सिरसँग तुलना गर्ने गर्छन् । भाँडा बिक्रीबाट हुने आम्दानीबाटै तिहार, छठ मनाइने, दसैँ मनाउदाको सरसापट तिर्ने र वर्षभरिका अन्य नगद खर्चको जोहो गरिने अहिले आफूहरुको उपयुक्त अवसर भएको जिल्लाकै लोहारपट्टी-४ पिपराढी बस्तीको कुमाल टोलका रामप्रवोध पण्डित (कुमाल) बताउनुहुन्छ ।

विगतमा (केही दशकअघिसम्म) घरव्यवहार प्रयोजनमा बाक्लै माटाका भाँडा प्रयोग गरिने भए पनि अब दैनिक प्रयोजनमा यसको प्रयोग हुन छाडेकाले चाडपर्वका लागि मात्र माग हुने गरेको कुमाल बताउँनुहुन्छ । मिथिला क्षेत्रमा दुई दशक पहिलेसम्म माटाका भाँडा दैनिक प्रचलनमा रहेपनि त्यसयता प्लास्टिकका भाँडाको प्रयोग बढेकाले आफूहरुको व्यवसाय चाडपर्व विशेषमा मात्रै चल्ने गरेको उनीहरुको भनाइ छ।

अहिलेको कमाइले सालभरिको नगद खर्चको जोहो गर्नुपर्ने हुँदा भाँडा बनाउने कामले भ्याइनभ्याइ परेको जिल्लाकै मनराशिशवा नगरपालिकाको सहसराम बस्तीका रामशोभित पण्डित बताउनुहुन्छ। तिहार र छठपर्वका अवसरमा महोत्तरीमा मात्र १० लाखभन्दा बढीको माटाका भाँडाको कारोबार हुने गरेको महोत्तरी उद्योग वाणिज्य सङ्घका पदाधिकारीको अनुमान छ।

यसपाली दसैँ सकिएलगत्तै जमेको माटाका भाँडाको बजार छठसम्म रहने भएकाले र मूल्यवृद्धिसमेत भएकाले यो पर्वभित्र १५ लाखभन्दा बढीको कारोबार हुने जलेश्वर उद्योग वाणिज्य सङ्घका अध्यक्ष लवराजा सिंहले बताउनुभयो। जिल्लाको लोहारपट्टी, भङ्गाहा र मनराशिशवा नगरपालिकाका केही बस्तीमा छुट्टै कुमाल टोल छन् । यी बाहेक जिल्लाका अन्य गाउँ/नगर बस्तीमा भने छिटफुट रुपमा कुमाल छरिएर बसेका छन् । दिवालीमा आफ्नो पूर्ख्यौली पेसाको परम्परा थाम्दै जिल्लाका सबैजसो गाउँ/नगर बस्तीका घर-घरैजसो आफ्ना भाँडाको प्रचार, प्रबर्द्धन र बिक्रीमा कुमाल जुट्ने गरेका छन्।रासस

# सिरहामा दल भन्दा स्वतन्त्र बढी

**टुडे समाचारदाता**



सिरहा । आगामी मंसिर ४ गते हुने प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचन २०७९ का लागि सिरहा जिल्लामा राजनीतिक पार्टीभन्दा स्वतन्त्र उम्मेदवारको संख्या बढी रहेको छ। जिल्लामा चार संघीय तथा आठ प्रदेशसभा निर्वाचन क्षेत्रबाट दुई सय २४ को उम्मेदवारी परेकामध्ये एक सय १९ जनाले स्वतन्त्र उम्मेदवारी दिएका छन् । स्थानीय तह निर्वाचनमा स्वतन्त्र उठेका उम्मेदवारले जितेको र उनीहरुले जनतामाझ गरेको काममा प्रभावित भएर यो निर्वाचनमा पनि स्वतन्त्र उम्मेदवारको संख्या बढेको आकलन गर्न सकिन्छ। तर स्वतन्त्र उम्मेदवार राजनीतिक पार्टीले जनताको भावनामाथि खेलवाड गरेकाले आफूहरूले स्वतन्त्र उम्मेदवारी दिएको उनीहरू दाबी गर्छन्।

सिरहा क्षेत्र नं २ का स्वतन्त्र उम्मेदवार पत्रकार महासंघ सिरहाका पूर्वअध्यक्ष देवकुमार यादवले राजनीतिक दलबाट निर्वाचित भएका नेताले जनताको भावनाविपरीत दलीय दबाबमा परी जनताको हितमा काम नगरेकाले आफूले स्वतन्त्र उम्मेदवारी दिएको बताए । उनले भने-'दलीय जनप्रतिधिले जनताको आधारभूत आवश्यकता पूरा गर्न नसकेकाले आफूले त्यो आवश्यकता पूरा गर्नका लागि उम्मेदवारी दिएको हुँ।' आफ्नो चुनावी एजेण्डा नै जनताको आधार भूत आवश्यकता कृषि, स्वास्थ्य, शिक्षा र सरसफाइ रहेकाले दलीय प्रतिनिधिलाई नभएर स्वतन्त्रलाई नै रोज्न मतदातालाई आग्रह गरे। सिरहा क्षेत्र नं २ बाट नै प्रतिनिधिसभामा स्वतन्त्र उम्मेदवारी दिएका रामरिझन यादवले दलहरू भ्रष्टाचारमा लिप्त भएको आरोप लगाउँदै त्यही दलमा बसेर उनीहरुको विरोध गर्न नसकिने बताए। उनले भने-'एउटा कालखण्ड राजनीति पार्टीमा बिताएँ, दलभित्रै बसेर भ्रष्टाचारीको विरोध गर्न असम्भव भएकाले म स्वतन्त्र भए।'

प्रतिनिधिसभाका चार निर्वाचन क्षेत्रका लागि जम्मा ८५ जनाले उम्मेदवारी दिएका छन् । तीमध्ये ४८ ले स्वतन्त्र उम्मेदवारी दिएका छन् । प्रदेशसभाको आठ निर्वाचन क्षेत्रका लागि एक सय १९ जनाले उम्मेदवारी दिएका छन् भने ७१ जनाको स्वतन्त्र उम्मेदवारी परेको मुख्य निर्वाचन अधिकृतको कार्यालय सिरहाले जनाएको छ। प्रतिनिधिसभा र प्रदेशसभाका लागि सिरहाका १२ क्षेत्रमा राजनीतिक पार्टीको भन्दा करिब ५४ प्रतिशतले स्वतन्त्र उम्मेदवारी दिएका छन् । प्रतिनिधिसभाका लागि सिरहा क्षेत्र नं १ बाट २३ जनाको उम्मेदवारी परेकामध्ये १० स्वतन्त्र र १३ पार्टीका उम्मेदवार छन् । त्यसैगरी क्षेत्र नं २ मा २३ जनाको उम्मेदवारी परेकामा १५ स्वतन्त्र आठ मात्रै पार्टीबाट उम्मेदवारी परेको छ। त्यस्तै सिरहा क्षेत्र नं ३ बाट जम्मा २२ जनाको उम्मेदवारी परेकामा १४ स्वतन्त्र र आठ पार्टीका उम्मेदवार छन्। क्षेत्र नं ४ बाट १९ उम्मेदवारमध्ये नौ स्वतन्त्र र राजनीतिक दलका १० जनाले उम्मेदवारी दिएका छन्।

प्रदेशसभा सदस्यका लागि क्षेत्र नं १ को (क) बाट १६ को उम्मेदवारी पर्दा छ स्वतन्त्र र १० पार्टीका उम्मेदवार छन्। (ख) बाट १४ उम्मेदवारमध्ये छ स्वतन्त्र र आठ पार्टीका उम्मेदवार छन्। सिरहा क्षेत्र नं २ को (क) बाट जम्मा १५ जनाले उम्मेदवारी दिएकामध्ये आठ स्वतन्त्र र सात पार्टीका उम्मेदवार छन् । (ख) बाट १६ जनाको उम्मेदवारी पर्दा नौ स्वतन्त्र र सात पार्टीका उम्मेदवार छन्।

त्यसैगरी क्षेत्र नं ३ बाट प्रदेशसभा (क) का लागि १८ जनाले उम्मेदवारी दिँदा १३ स्वतन्त्र र पाँच पार्टीका उम्मेदवारी परेको छ। (ख) मा १४ जनामध्ये नौ स्वतन्त्र र पाँच पार्टीका छन्। क्षेत्र नं ४ (क) बाट जम्मा १८ जनाले उम्मेदवारी दिएकामध्ये १० स्वतन्त्र र आठ पार्टीका छन् भने (ख) मा १८ जनामध्ये ११ स्वतन्त्र र सात राजनीतिक पार्टीका उम्मेदवार छन्।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख। |
| बृष | : सुख समृद्धि हुने। |
| मिथून | : वाद विवादबाट बच्नु। |
| कंर्कट | : अवसर प्राप्त। |
| सिंह | : प्रतिभा सम्पन्नता। |
| कन्या | : भ्रमण अवसर हुने। |
| तुला | : नयाँ कार्य हुने। |
| बृश्चिक | : शिक्षामा उन्नति। |
| धनु | : प्रेम प्रसंग, मित्र सुख। |
| मकर | : बौद्धिक क्षमता। |
| कुम्भ | : धन बृद्धि सञ्चय। |
| मीन | : पुरस्कार प्राप्त लाभ। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**शिशमहलभित्र राधाकृष्णको मूर्ति** : तारकेश्वर नपा २ मा रु ६० लाखमा निर्माण गरिएको शिशमहल भित्र राखिएको राधाकृष्णको मूर्ति । *तस्विर : रासस*

# झरी रोकिएपछि पश्चिमी क्षेत्रको मौसममा सुधार




काठमाण्डु । पश्चिमी क्षेत्रमा झन्डै एक हप्तासम्म परेको झरी रोकिएपछि आजबाट मौसममा सुधार भएको छ। बाढी र डुबानका कारण प्रभावित भएका मुलुकको पश्चिमी क्षेत्रमा आज बिहानैदेखि घाम लागेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

बुधबारदेखि पश्चिमी क्षेत्रमा घाम लागेको भए पनि मनसुनी प्रणाली कायमै रहेकाले दिउँसो र बेलुकीपख भने क्षणिक वर्षाको सम्भावना रहेको मौसमविद् वरुण पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार तराईमा अब डुबान हुने गरी र बाढी आउने गरी वर्षाको सम्भावना भने हटेको छ । पश्चिमी क्षेत्रका पहाडी जिल्लामा भने झरीले जमिन गलिसकेकाले पहिरोको जोखिम हुनसक्ने पनि मौसमविद्हरूले जनाएका छन् ।

मौसम पूर्वानुमान महाशाखाका अनुसार आज, बिहीबार र शुक्रबार दिउँसो तथा बेलुकाको समयमा मौसम बद्‌ली भई क्षणिक वर्षा हुन सक्नेछ । आउँदो शनिबारदेखि भने पश्चिमी क्षेत्रसहित देशभरको मौसम पूर्ण रूपमा खुला रहने सो महाशाखाले जनाएको छ । महाशाखाका अनुसार मनसुनको अन्तिमतिर भएको ठूलो वर्षाका कारण यसपटक पश्चिमी क्षेत्रमा धेरै असर परेको छ । नेपालमा मनसुनको अवधि गएको दुई तारिख अर्थात् १६ गतेसम्म मात्रै रहने भनिए पनि त्यसको एकदुई दिनपछि ठूलो पानी पर्न थालेको थियो ।रासस

# आठ वर्षमा पनि बनेन चितवन र तनहुँ जोड्ने पुल

भरतपुर । भरतपुर महानगरपालिकाको ठिमुरा र तनहुँको देवघाट जोड्ने पक्की पुल निर्माण सुरु भएको आठ वर्ष भयो। निर्माण सम्पन्न भएर गाडी गुडिसक्नुपर्ने बेलामा पुलको ६० प्रतिशत मात्र काम सम्पन्न भएको छ।



पुल निर्माण अलपत्र अवस्थामा छ। बन्दै गरेको पुल निर्माण कम्पनीले विभिन्न बहाना बनाउँदै अधुरो छाडेको छ । निर्माणका क्रममा पुल दुईपटक भत्कियो । सो क्रममा मजदुरको मृत्यु र केही घाइतेसमेत भएका थिए । पुल निर्माणका लागि ठिमुरा र देवघाटका स्थानीयले सम्बन्धित निकायमा पटक-पटक दबाब दिए तर सुनुवाइ भएन ।

पुल निर्माण समितिका अध्यक्ष टङ्कनाथ पौडेलले प्रारम्भिक चरणमा अख्तियारमा मुद्दा परेर रोकिएको पुल निर्माण पर्याप्त बजेट विनियोजन नहुँदा र दुईपटक भत्किएका कारण ढिला भएको बताउनुभयो । उहाँले सडक डिभिजन कार्यालयको लापरबाहीका कारण पुल निर्माणका क्रममा प्राविधिकको निगरानी नहुँदा समस्या भएको गुनासो गर्नुभयो ।

"निर्माण समितिका तर्फबाट पटक-पटक दबाब दियौँ", उहाँले भन्नुभयो, "प्रशासन कार्यालय र सम्बन्धित मन्त्रालयलाई पनि ज्ञापनपत्र बुझ्यौँ तर पुल निर्माणले गति लिन सकेन ।" उहाँले चितवन र तनहुँका जिल्ला समन्वय समिति प्रमुखहरूको संयोजकत्वमा समिति निर्माणसमेत भएको भन्दै त्यसले पनि निकास दिन नसकेको बताउनुभयो । पौडेलले कात्तिकबाट धमाधम काम नगरे उपभोक्ता समिति सङ्घर्षमा उत्रने उहाँले चेतावनी दिनुभयो।

देवघाट क्षेत्र विकास समितिका अध्यक्ष बद्रीप्रसाद अधिकारीले पुल निर्माणमा गम्भीर लापरबाही गरिएको बताउनुभयो । उहाँले पाँच वर्षअघि नै निर्माण सम्पन्न भइसक्नुपर्ने पुल अलपत्र पारेर छाडिएको बताउनुभयो। देवघाट-५ तनहुँका मानबहादुर गुरुङले अब त पुल निर्माण हुन्छ भन्नेमा नै शङ्का लाग्न थालेको बताउनुभयो । यतिका वर्षसम्म पनि एउटा पुल निर्माण हुन नसक्नुमा यहाँका जनप्रतिनिधि र सरकारी कर्मचारीको उदासीनता भएको उहाँले बताउनुभयो । पुल निर्माण नहुँदा भरतपुर र देवघाट आवतजावत गर्न दासढुङ्गा पुग्नुपर्ने बाध्यता रहेको गुरुङको भनाइ छ ।

चितवन र तनहुँ मात्रै नभएर बागमती र गण्डकी प्रदेशलाई समेत जोड्ने पुल ८.५ मिटर फराकिलो र दुई सय २० मिटर लामो छ। डिजाइनअनुसार पुलका चारवटा स्पान रहने र त्यसमा कङ्क्रिटका ४०/४० मिटरका तीनवटा र स्टिलको एउटा ८० मिटरको स्पान हुने उल्लेख छ। चितवन ठिमुरातर्फ दुईवटा र देवघाटतर्फ एउटा कङ्क्रिटको स्पान रहनेछ।

त्रिशूली नदीमाथि पुल बनाउन २०७१ कात्तिक २० मा तीनवटा निर्माण कम्पनीसँग सम्झौता भएको थियो। निर्माणको ठेक्का इलाइट, एडभेन्चर र इन्द्रेणी जेभीले संयुक्त रूपमा लिएका हुन्। सम्झौताअनुसार तीन वर्षभित्र (२०७४ कात्तिक १९) मा पुल बन्नुपर्थ्यो। तर पटक-पटक म्याद थपेर पछिल्लो समय काम सक्नुपर्ने समयसीमा २०७९ को चैत मसान्तसम्म तोकिएको छ। यो बीचमा चार/पाँचपटक म्याद थप गरिसकिएको छ।

सडक कार्यालय भरतपुरका इन्जिनियर सागर कार्कीले सबै कुराको अनुकूल भए यस वर्ष पुल निर्माणको काम सकिने बताउनुभयो। उहाँले निर्माण कम्पनी पनि काम गर्न तयार रहेको भन्दै नदीमा पानी नघटेकाले काम सुरु गर्न नसकिएको बताउनुभयो।

"भूकम्प, नाकाबन्दी र कोरोनाका कारण पुल निर्माणमा असर पर्‍यो", उहाँले भन्नुभयो, "यो विचमा दुई पटक भत्किएर तत्काल काम गर्नसक्ने अवस्था भएन । सम्झौता हुँदा पुलको निर्माण लागत रु १९ करोड १० लाख रहेकामा अहिले बढेर रु २१ करोड ६८ लाख पुगेको सडक कार्यालय भरतपुरले जानकारी दिएको छ ।रासस

# प्रदेशमा डेङ्गु सङ्क्रमितको सङ्ख्या २७ हजार सात सय ५०, मृत्यु २१ जना

बागमती । बागमती प्रदेशमा लामखुट्टेको टोकाइबाट हुने डैँङ्गु रोगको सङ्क्रमणबाट साउन महिनादेखि हालसम्म २७ हजार सात सय ५० जना बिरामी भएको बागमती प्रदेशको स्वास्थ्य प्रभावित भएको सो निर्देशनालयले जनाएको छ । काठमाडौँमा ११ हजार चार सय ६७ जनामा र रसुवा जिल्लामा सात जनामा सो रोगवाट सङ्क्रमित भएको जनाइएको छ । निर्देशनालयका



निर्देशनालयले जनाएको छ। साथै सो रोगको सङ्क्रमणबाट बागमती प्रदेशमा २१ जनाको मृत्यु भएको छ।

बागमती प्रदेशको १३ जिल्लामध्ये डैँङ्गु सङ्क्रमणबाट काठमाडौँ सबै भन्दा बढी प्रभावित भएको छ भने रसुवा सबैभन्दा कम अनुसार ललितपुरमा आठ हजार १५ जनामा, मकवानपुरमा तीन हजार ६ सय चार जनामा, भक्तपुरमा दुई हजार एक सय आठ जनामा, चितवनमा एक हजार एक सय ६९ जनामा, धादिङमा ६ सय ३८ जनामा, काभ्रेमा दुई सय १५ जनामा, नुवाकोटमा एक सय ३१ जनामा, सिन्धुलीमा एक सय १३ जनामा, रामेछापमा एक सय २५ जनामा, सिन्धुपाल्चोकमा ९९ जनामा र दोलखामा ६९ जनामा डैँङ्गु रोगको सङ्क्रमण पुष्टि भएको बताइएको छ।

त्यस्तै प्रदेशमा हालसम्म डैँङ्गु सङ्क्रमणबाट २१ जनाको मृत्यु भएको सो निर्देशनालयका विवरणमा रहेको छ। काठमाडौँमा सात जना, सिन्धुली र रामेछाप तीन /तीन जना, ललितपुर, मकवानपुर र चितवनमा दुई /दुईजना, भक्तपुर र धादिङ्मा एक/एकजनाको मृत्यु भएको छ।

यस रोगबाट टाउको दुख्ने, ज्वरो आउने, बान्ता हुने, पेट दुख्ने, झाडापखाला लाग्ने, कमजोरी हुने र खानमा रुचि नलाग्ने जस्ता समस्या लाग्ने गरेको हुन्छ । समयमा उपचार नपाएमा मृत्युसमेत हुने गरेको छ ।रासस

# दीपावलीको स्वागतमा लागे वृद्धवृद्धा

काठमाण्डु । नेपालीको महान् पर्व दसैँपछिको अर्को चाड तिहार नजिकिँदै गर्दा तारकेश्वर नगरपालिका-७ फुटुङमा पर्ने नवजीवन परोपकार समाज



(आश्रम) नजिकै रहेको बाँझो बारीमा वृद्धवृद्धाले रोपेको सयपत्री फूल ढकमक्क फुल्न थालेको छ।

तिहारलाई लक्षित गरी 'परनिर्भरता हटाऔँ आत्मनिर्भर बनौँ' भन्ने अभियानका साथ फूलको बीउ थाइल्याण्डबाट मगाएर राखिएको हो । नवजीवन परोपकार समाजका अध्यक्ष दुर्गानाथ दाहालका अनुसार करिब चार हजार बिरुवा राखिएको छ।

साढे दुई रोपनी क्षेत्रफलमा लगाइएको फूलबाट करिब रु तीनदेखि चार लाखसम्मको आम्दानी हुने लक्ष्य राखिएको छ । आश्रमका अध्यक्ष दाहाल भन्नुहुन्छ, "फूलबाट हुने आम्दानी आश्रममा रहनुभएका वृद्धवृद्धाका लागि औषधोपचार र अन्य आवश्यकताका लागि खर्चिनेछौँ ।'

आश्रममा कोही आफन्त नभएका, सडकमा अलपत्र परेका र बेसहारा अवस्थाका व्यक्तिलाई उद्धार गरेर राखिएको छ । यहाँ मानिस र सबै प्राणीले बाँच्न पाउनुपर्छ भन्ने उद्देश्यका साथ कुकुर, मयुर, बिरालो, गाई, खसीलगायत विभिन्न प्राणी आश्रममा राखिएको समाजका कोषाध्यक्ष मिरा केसीले बताउनुहुन्छ। फूलको बिरुवा राख्ने, गोड्ने, फूल टिप्ने, माला उन्ने जस्ता कामले आफूहरुलाई दिन कटाउने मेलोसमेत भएको धादिङ गल्छी गाउँपालिका-१ फोस्टारबाट उद्धार गरिएकी ८४ वर्षीया अमृतकुमारी अधिकारीले बताउनुभयो ।रासस

# एक महिलाको शङ्कास्पद मृत्यु, दुई पक्राउ

काठमाण्डु । काठमाण्डुको नक्सालमा रहेको क्राउन प्लाजा होटलमा जलेर एक महिलाको शङ्कास्पद मृत्यु भएको छ । होटलको कोठामा जलेकी २३ वर्षीय एक महिलाको उपचारका क्रममा मङ्गलबार कीर्तिपुर अस्पतालमा निधन भएको हो ।

जिल्ला प्रहरी परिसर काठमाण्डुका प्रवक्ता, प्रहरी उपरीक्षक दिनेशराज मैनालीले महिलाको मृत्युबारे छानविन गर्न मङ्गलबार नै दुई जनालाई पक्राउ गरी अनुसन्धान भइरहेको जानकारी दिनुभयो। पक्राउपर्नेमा होटलका कर्मचारी पवनकुमार श्रेष्ठ र महिलासँगै होटलमा बस्न गएका केशव रिजाल रहेका छन्। महिला होटलमा जलेर गम्भीर घाइते भए पनि होटलले प्रहरीलाई खबर नगरी अस्पताल लगेकाले घटना शङ्कास्पद भएकाले प्रहरीले आवश्यक अनुसन्धान गर्न उनीहरुलाई पक्राउ गरिएको प्रवक्ता मैनालीले बताउनुभयो। पक्राउ परेका दुवै जनालाई जिल्ला अदालत काठमाडौँबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रवक्ता मैनालीले बताउनुभयो ।रासस

# तरकारी बोकेको मिनी ट्रक दुर्घटनाहुँदा दुईजना घाइते

भरतपुर। पृथ्वी राजमार्गअन्तर्गत चितवनको इच्छाकामना गाउँपालिका-३ मौवाखोला नजिक तरकारी बोकेको मिनी ट्रक अनियन्त्रित भएर त्रिशूलीमा खसेको छ।

मंगलबार राति धादिङबाट मुग्लिङतर्फ आउँदै गरेको प्र ३-०१-००६ ख १३८२ नंको मिनी ट्रक आफैँ अनियन्त्रित भई सडकबाट करिब ३० मिटर तल खसेर दुर्घटना भएको हो।

ट्रक दुर्घटना हुँदा ट्रक चालक धादिङ बेनिघाट रोराङ गाउँपालिका-९ बस्ने २६ वर्षीय दीपेश तामाङ टाउकामा चोट लागेको छ।

घाइते तामाङको भरतपुरमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता विजयराज पण्डितले जानकारी दिनुभयो।

ट्रकका सहचालक बेनिघाट रोराङ-८ बस्ने २० वर्षीय आकाश चेपाङलाई सामान्य चोट लागेको उहाँले बताउनुभयो। चेपाङको स्थानीय अस्पतालमा उपचार भइरहेको छ भने मिनी ट्रक घटनास्थलमा नै रहेको प्रहरीले जनाएको छ ।रासस

# गैरआवासीय नेपालीलाई आर्थिक अधिकारसहितको नागरिकता उपलब्ध गराउन सङ्घको माग

काठमाण्डु । काठमाण्डुमा दुई दिनसम्म चलेको गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)को वार्षिक साधारणसभा १० बुँदे निष्कर्ष निकाल्दै आज सम्पन्न भएको छ । साधारणसभाले संविधानमा भएको व्यवस्थाअनुसार गैरआवासीय नेपालीलाई आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारसहितको नागरिकता उपलब्ध गराउनुपर्ने निष्कर्ष निकालेको छ।

संविधानमा व्यवस्था भएको सात वर्ष भइसक्दा पनि आवश्यक कानून नबन्दा गैरआवासीय नेपालीले नागरिकताको उपभोग गर्न नपाएको जनाउँदै सङ्घले सो व्यवस्था उपभोगका लागि आवश्यक कानून बनाई यथाशक्य छिटो गैरआवासीय नेपाली नागरिकता कार्यान्वयनका लागि नेपाल सरकार, राजनीतिक दल र सरोकारवाला सबैसँग आग्रह गरेको छ।

स्वदेशमा गैरआवासीय नेपालीको लगानी अभिवृद्धि गर्न 'विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन' तथा त्यससम्बन्धी नियमावली तथा आदेशमा तत्काल संशोधन गर्नुपर्ने सङ्घको निष्कर्ष छ। धितोपत्र ऐन तथा नियमावलीमा संशोधन गरी धितोपत्रको दोस्रो चरणमा गैरआवासीय नेपालीलाई खुला गर्न कानूनी व्यवस्था मिलाउन सङ्घले अनुरोध गरेको छ।

गैरआवासीय नेपालीको लगानी नेपालमा भित्र्याउन सरल, सहज र अनुकूल वातावरण निर्माण गर्नुका साथै कानूनी बाधा अड्चनलाई संशोधन गर्नु आवश्यक रहेको ठहर गर्दै सङ्घले लगानी भित्र्याउनुका साथै स्वदेशमै रोजगारी सिर्जना, उद्यमशीलता तथा पूर्वाधार विकास र नेपालीको जीवनस्तर उकास्न सहयोग हुने गरी समृद्ध नेपाल निर्माणमा गैरआवासीय नेपालीको लगानी प्रोत्साहित गर्न प्रतिबद्ध रहेको जनाएको छ। सङ्घले विदेशमा बस्ने नेपाली नागरिकलाई मताधिकारको व्यवस्था मिलाउन आवश्यक ऐन, कानून निर्माण गर्नुका साथै नेपाली नागरिकताबाहक गैरआवासीय नेपालीले सम्बन्धित देशस्थित नेपाली कूटनीतिक नियोगमार्फत मतदाता नामावलीमा नाम दर्ता गर्ने एवं राष्ट्रिय परिचयपत्र बनाउनसक्ने व्यवस्था मिलाउनका लागि नेपाल सरकार, निर्वाचन आयोगलगायतसँग आग्रह गरेको छ।

गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्न कठिनाइ हुने मुलुकमा बसोबास गर्ने नेपालीलाई हाल प्रदान गर्दै आएको गैरआवासीय नेपाली परिचयपत्रलाई थप अधिकारसहित निरन्तरता दिनुका साथै थाइल्याण्ड, म्यानमार, मलेसिया, फिजीलगायत देशमा पुस्तौँदेखि बसोबास गरी आएका नेपालीलाई सहजरूपमा नेपालसँग जोड्न अधिकारसहितको परिचयपत्रका साथै नेपालमा अध्ययन भिसाको व्यवस्था गर्न सङ्घले अनुरोध गरेको छ।

वैदेशिक रोजगारमा रहेका नेपालीको सुरक्षित भविष्यका लागि सामाजिक सुरक्षा कोष र सङ्घबीच भएको सम्झौताअनुसार तत्काल आवश्यक संयन्त्र बनाई सामाजिक सुरक्षाको तत्काल कार्यान्वयनका लागि सङ्घको आग्रह छ । वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन दक्ष तथा तालिम प्राप्त जनशक्ति मात्र विदेश पठाउने, गन्तव्य मुलुकको परिवेशअनुसार सचेतनात्मक सूचना प्रवाह गर्ने तथा श्रम सम्झौता भएको मुलुकसँग नवीकरण र नयाँ सम्भावित गन्तव्य मुलुकसँग श्रम सम्झौता गर्न सङ्घले अनुरोध गरेको छ।

वैदेशिक रोजगारबाट फर्किएका नेपालीको ज्ञान, सीप र प्रविधि नेपालको व्यावसायिक तथा आर्थिक विकासमा योगदान हुनेगरी पुनःएकीकरण कार्यक्रम नेपाल सरकारको सहकार्यमा सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्दै सङ्घले गैरआवासीय नेपाली एवं विभिन्न मुलुकमा कार्यरत नेपाली श्रमिकले विदेशबाट पठाएको विप्रेषणलाई उपभोगमुखीभन्दा पनि उत्पादनमुखी क्षेत्रमा लगानीका लागि प्रोत्साहन गर्दै सामूहिक लगानीको योजनामार्फत राष्ट्र विकासको ठोस योजना यथाशक्य छिटो ल्याउन सरकारसमक्ष अनुरोध गरेको छ।

सङ्घले विश्वभर रहेका गैरआवासीय नेपालीबीच आपसी विश्वास, समझदारी एकता र सद्भाव कायम राख्दै आफ्नो ज्ञान, सीप र पूँजीलाई मातृभूमिको समृद्धिमा लगानी गर्न आह्वान गरेको छ । सङ्घको वार्षिक साधारणसभा 'विश्वासको वातावरण सिर्जना' नाराका साथ मङ्गलबारदेखि राजधानीमा सुरु भएको थियो । साधारणसभाको प्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गर्नुभएको थियो । साधारणसभामा सङ्घका कोषाध्यक्षबाट प्रस्तुत आर्थिक प्रतिवेदन, महासचिवबाट प्रस्तुत साङ्गठनिक प्रतिवेदन सर्वसम्मतिबाट पारित भएको छ ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# युवाहरुलाई कुलतबाट जोगाउ

नेपालीहरुको महान चाड बडा दसैंको क्रममा विभिन्न संघसंस्थाहरुले मेलाको आयोजना गर्ने, शक्तिपीठहरु सजाउने, दुर्गाको प्रतिमा बनाउने लगायतका धार्मिक, सांस्कृतिक कार्यहरु गरे । खासगरी युवा क्लवहरुले आयोजना गरेका ती कार्यहरु प्रशंसनीय थियो ।बडा दसैंलाई आकर्षक बनाउन युवाहरुले पर्याप्त मिहिनेत पनि गरे ।उनीहरुको कार्यलाई प्रशंसा गर्नै पर्छ ।सरकारी सहयोग बिना नै स्थानीय स्तरबाट आर्थिक संकलन गरी युवाहरुले झण्डै एक महिना समय तयारीमा लगाउने गरेको देखिन्छ ।बडा दसैंको दशदिन त युवाहरुले अत्यधिक मिहिनेत गर्छन् ।स्थानीय प्रशासन र युवा क्लवहरुको संयुक्त प्रयासमा वडा दसैं शान्तिपूर्ण ढंगले सम्पन्न भएको छ ।बडा दसैंको क्रममा मेला भर्नेहरुले अबेर राति सम्म निर्वाध रुपमा मेलाको आनन्द लिए ।शान्तिसुरक्षाको भरपर्दो व्यवस्थाका लागि प्रहरी प्रशासन लगायतका निकायहरुलाई धन्यवाद दिनैपर्छ ।मेला आयोजनको क्रममा सुरक्षा निकाय र युवाहरुबीच देखिएको समन्वयलाई निरन्तरता दिए लागूऔषध लगायतका कयौं विकृत्तिहरुलाई कम गर्न मद्दत मिल्ने छ ।दसैंमा कडा परिश्रम गरी सामाजिक प्रतिष्ठा आर्जन गर्ने युवाहरुले त्यसपछिको दिनमा पनि कुलतमा लागेका युवाहरुलाई सही मार्गमा ल्याउन सकारात्मक भूमिका निर्वाह गर्न सक्छन् ।युवाहरु नै कुलतमा धेरै लागेको पाइन्छ ।छिमेकी भारतको एउटा विशाल प्रदेश बिहारमा मदिरा निषेध गरिएको छ । मदिराको सेवन, बेचबिखन गर्न पूर्णत रोक छ ।नेपालको भन्दा त्यहाँको कुल जनसंख्या झण्डै ३ गुणा छ ।तर प्रदेश सरकारले मदिरा सेवन, बेचबिखनमा रोक लगाउन सफल भएको छ ।हुनत त्यसबाट बिहार सरकारको राजस्व घटेको छ ।युवाहरुले प्रयत्न गरे नेपालमा लागूऔषधको ओसारपसार र सेवनमा नियन्त्रण गर्न सक्छन् ।त्यसका लागि सुरक्षा निकाय समेत कयौं निकायले सक्रिय भूमिका निर्वाहगर्दै पनि आएका छन् ।बडा दसैंमा पर्याप्त प्रशंसा पाएका युवाहरुले युवाहरुलाई कुलतबाट जोगाउन पनि भूमिका निर्वाह गर्न सक्नुपर्छ ।त्यसका लागि स्थानीय सरकार, प्रदेश सरकार, सुरक्षा निकायहरुसित समन्वय र सहकार्य गर्न सकिन्छ ।स्वतःस्फुर्त रुपमा मेला आयोजना गर्ने क्लव र कमिटीहरुले अन्य सामाजिक दायित्व निर्वाहमा समेत अगाडि देखिनु पर्छ ।कुलतमा लागेर हजारौ युवाहरुको भविष्य अन्धकारमा परेको छ ।सुरक्षाका लागि चुनौती बनेको छ ।त्यस तर्फ पनि युवाहरुले ध्यान दिनु आवश्यक छ ।युवाहरुले चाहे सामाजिक विकृत्तिहरुलाई न्यून गर्न सकिन्छ ।केही समय लाग्न सक्छ ।तर नेपाली युवायुवतीहरु कुलत लगायतका विकृत्तिहरुबाट मुक्त हुन सक्छन् ।यस तर्फ युवाहरुको सकारात्मक प्रयास आवश्यक छ ।युवाहरुलाई कुलतबाट जोगाउ ।

# उपयुक्त ब्यक्ति र असल अभ्यासको खाँचो



ललितकुमार यादव

कुनै राष्ट्र ले आफ्नोख संविधान अनुसार त्यस देशमा बस्ने व्यक्तिलाई देशप्रति कर्तव्यपरायण भएमा उमेरको निश्चिवत तहमा पुगेपछि दिने नागरिक अधिकार नागरिकता हो । राज्यसँग नागरिकको कानूनी सम्बन्ध स्थापीत गरी अधिकारको रक्षा गर्ने दस्तावेज हो नागरिकता ।नागरिकता राज्य र नागरिकबिचको सम्बन्ध सेतुको रुपमा रहेको हुन्छ । नागरिकता राजनीतिक समुदायको सदस्यता पनि हो । नागरिक वैयक्तिक पहिचान हो भने नागरिकता राज्य र व्यक्तिको सम्बन्ध सूचकको अवस्था हो ।

परम्परागत रुपमा ग्रीस शहरमा बस्ने व्यक्तिलाई नागरिक भन्नेो गरिन्थ्योअ । आधुनिक नागरिकता प्रणालीलाई फ्रेन्चव रिभोलुसन (ँचभलअज च्भखयगितष्यल) को परिणामको रुपमा लिने गरिन्छ । जसले नागरिकताको माध्यफमबाट समाजमा बिद्यमान जातीय वर्गीय सबै असमनतालाई निषेध गरेको छानेपालमा नागरिकताको नीतिगत थालनी वि. सं. २००९ साल वैशाख २६ देखि लागु गरिएको नागरिकता ऐनबाट देखिन्छ ।नागरिकता ऐन नियम आउँदा संविधानसँग जोडिएर आउने गर्छ ।

संविधान लागु भएको सात सात वर्ष पुग्दा पनि संविधानवाद र कानुनी शासन स्थापित हुन सकेको छैन्। प्रजातन्त्रएको मन्दिर संसदलाई विगतको पाँच वर्षको अवधिमा दुईपटक विघटन गरेर संविधानलाईनै ध्वस्त पार्ने सम्ममको प्रयास भयो । यस अवधिमा न्यायालय र नयायालयको नेतृत्व समेत विवाद मुक्त रहन सकेन भने राष्ट्र प्रमुख देखि सभामुखसम्म कोही विवादरहित रहन सकेन। सबै बिबादित बने ।संसदले आफ्नो पाँच वर्षे कार्यकाल पुरा गर्दा दुईवटा सरकार बने तर विकास र सुशासन कुनै सरकारले दिन सकेन्। जनताले सरकार छ भनेर अनुभुति गर्न सकेनन् । दुवै सरकारले अध्यादेशकै सहरा लिएर शासन चलाए र सरकारको औपचारिकता मात्र पुरा गरे ।संविधान लागु भएको सात वर्ष र संसदको पाँच वर्षको अवधि प्रभावकारी हुन सकेन । अहिले दोस्रो निर्वाचन हुँदै छ। आफ्नो प्रतिनिधी छान्ने अवसर जनताले पाएको छ। २७५ इमानदार र उपयूक्त पात्रलाई सांसद छन्न सके मात्र सुशासन, विकास र संविधानवाद स्थापित हुन सक्छ । नभए भविष्यई पनि विगतजस्तै निराशाजनक हुनेमा कुनै शंका छैन्।

राष्ट्रनपति विद्यादेवी भण्डालरीले नागरिकता विधेयकलाई दोस्रो पटक पनि रोकिन । पहिलो पटक उनलाई संविधानले नै त्यो सुविधा दिएको थियो। तर दोस्रो पटक उनले संविधानले दिँदै नदिएको सुविधाको उपयोग गरिन् र संसदबाट पारित भएको नागरिकता विधेयक दोस्रो पटक पनि प्रमाणिकरण गर्न अस्विकार गरिन्। संसदबाट पारित भएर दोस्रोपटक आएको विधेयकलाई १५ दिन भित्र प्रमाणीकरण गर्नै पर्ने संवैधानिक दायित्वबाट राष्ट्रपति पछि हटेका कारण नयाँ खालको संवैधानिक र कानूनी प्रश्न् खडा भयो।संरक्षकबाटै संविधानलाई चुनौती दिने काम भयो ।जन निर्वाचित संसदको निर्णयलाई पैतलामुनि दबाउने काम राष्ट्रपतिबाट भयो जुन काम उनबाट हुनु हुदैन थियो ।

एउटा संविधान खारेज भएर अर्को संविधान लागु भएपछि पुरानो संविधानअन्तर्गतका कानुन नयाँ संविधानसँग बाझिन सक्छन । संविधानसँग बाझिएको कानुन लामो समयसम्म रहिरहनु ठिक होईन्। तर रातारात नयाँ संविधानअनुकुलका कानुन बनाउन पनि सम्भव हुँदैन। यही कारण नयाँ संविधानसँग बाझिएको कानुनलाई प्रतिस्थापन गर्न धारा ३०४ मा संघीय संसदको पहिलो अधिवेशन बसेको एक बर्षसम्म पुराना कानुन लागु रहने व्यवस्था गरियो। यही अवधिमा संसदले नयाँ कानुनको निर्माण गरिसक्नुपर्थ्र्योन ।तर कानुन निर्माण गर्नेतर्फ संसदले खासै ध्येयाननै दिन सकेन।

कानुन बनाउन जनताबाट निर्वाचित प्रतिनिधिहरु कतिपय महत्वपूर्ण कानुनहरुको कुनै टुंगो नलगाईकनै बिदा भएका छन्। प्रतिनिधीसभाको पछिल्लो कार्यकालको कुरा गर्दा ७५ विधेयक सभाबाट पारित भयो भने ४९ अध्याभदेश ल्याएर सरकारले आफ्नो तजबिजमा शासन चलाए । दुई पटक विघटन र नै महिना अवरोधको सामना गरेको प्रतिनिधिसभा २७ विधेयक निष्क्रिशय पारेर बिदा भयो ।संबिधान अनुसारका अन्य कानुन बनाउन प्रतिनिधिसभाको यो कार्यकाल निकै महत्वपूर्ण थियो तर प्रभावकारी हुन सकेन।

सरकारले फास्ट ट्रायक प्रक्रियाबाट पारित गर्न नागरिकतासम्बन्धी विधेयक संसदमा दर्ता गरेदेखि नै विभिन्नन पक्षबाट समर्थन र आलोचना भएको थियो। नागरिकतासम्बन्धी विधेयकमा समावेश भएका विषयवस्तुमाथि कहींकतै विवाद देखिएको छैन, विधेयकले नसमेटेको विषयवस्तु भने विवादको केन्द्रमा छन्। विधेयकले यसअघि जन्मका आधारमा नेपालको नागरिकता पाएका व्यक्तिका सन्तानलाई वंशजको नागरिकता दिने प्रबन्ध गरेको छ। यो प्रबन्ध संविधानको हुबहु व्यवस्था हो ।

> सांसदहरुले आफ्नो विवेक प्रयोग गर्न सकेका छैनन्। सांसदहरु संसदको कारोबारमा भन्दा नेतृत्वको चाकरीमा व्यस्त हुने गरेका छन् । सरकारको गैरजिम्मेवारी र अक्षमताका कारण संसदले कारोबार नै पाउन सकेनन् । संसदमा प्राय विषयमा गम्भिर छलफलनै हुँदैन । नेताहरुको कुरा मिले ताली पिट्ने , नमिले सदनमा नाराबाजी गर्ने बाहेकको काम सांसदले पाउनै सकेका छैनन् ।

नेपालको संविधान २०७२ ले जन्मको आधारमा नेपाली नागरिकता प्राप्तथ गरेका सन्तानले बालिग भएपछि वंशज नागरिकता पाउने भनी स्पष्टन व्यवस्था गरेको छ। संविधानभन्दा माथि अरु कानुन हुन सक्दैन र हुनु हुदैन तर नागरिकता ऐन संशोधन नभएकोले उक्त संवैधानिक व्यवस्था कार्यन्वयन हुन सकेको छैन्। सम्मानित सर्वोच्चत अदालत र उच्च अदालतबाट भएका आदेशको समेत पालना भएको छैन्। न त गृह मन्त्रा लयले नै कुनै परिणाम आउने ठोस पहल कदमी लिन सकेको छ। उल्टै जन्मसिद्ध र नागरिक र अङ्गीकृत नागरिकलाई एउटै डालोमा राखेर व्यवहार गर्न थालियो। उनीहरुलाई विदेशीको टयाग लगउन थालियो।नेपाली बाउ आमाको सन्तान विदेशी हुन सक्दैनन् भन्ने् बुझ पचाउन खोजियो।

नागरिकता जस्तो संवेदनशील विषयमा दलहरु एकमत हुनु पर्ने थियो । यसमा दलहरु विभाजित हुनु नै दुःखद हो । चुच्चे नक्सालाई लिएर दलहरुबिच जुन एकता कायम भएको थियो नागरिकता विधेयकको सन्दर्भमा पनि त्यही एकता हुनु पर्ने थियो दलहरुबिच । तर दलहरुले समान धरण बनाउन नसक्दा आज पनि लाखौं नेपाली युवाहरु नागरिकताविहीन र राज्यविहीन रहन बाध्यत छन्। नागरिकता नपाएर अध्ययन, पेसा, व्यवसाय , दैनिक गतिविधिबाट वञ्चितत हुनुको साथसाथै आफ्नै देशमा नागरिकको दर्जा पाउन सकेका छैनन् , लाखौं नेपाली युवाहरु। विदेशीले नागरिकता पाउनु हुँदैन, तर यही वहानामा नेपालीलाई नासगरिकताबाट वञ्चिँत गर्नु कदापि उचित होईन। नागरिकता जस्तो गम्भिर विषयको संवेदनशीलता दलहरुले बुझन् नसकेको हुँदै होईनन् बरु बुझ पचाएको हो । नागरिकता समस्यालाई जहिले पनि तँराई मधेसको समस्या मात्र हो भनेर बुझियो। तर पहाडमा पनि मान्छेहरु नागरिकताविहीन छन्। पहाडको तुलनामा नागरिकता समस्या तँराई मधेसमा बढी भएपनि पहाडमा नागरिकता समस्या छँदै छैन भने होईन्। नागरिकता समस्याको विषयमा आमभुझाई नै गलत रहेको छ। यो राष्ट्रि यताको विषय हो । यसलाई विवादित बनाउने काम कोही कसैले गर्नु हुदैन थियो। तर दलहरुले यसलाई चुनावी मुद्दा बनाउन राजनीतिक विषय बनाई दियो। सँधैझै अहिले पनि यसलाई चुनावी मुद्दा बनाउने काम भयो ।

नेपालको राष्ट्रपति भनेको संवैधानिक राष्ट्र पति हो। संसदीय पद्धतिको राष्ट्रहपति हो । राष्ट्रपतिले गरेका काम कारबाहीहरु या त प्रधानमन्त्रीको सल्लाह र परामर्शमा गरेको हुन्छ या कुनै संवैधानिक अंग वा निकायको सिफारिसमा गरेको हुन्छ। अन्य अवस्थामा राष्ट्रपतिबाट औपचारिक वा अनौपचारिक जे जति काम हुन्छ सबै सरकारको सिफारिसमा गरिएको हुन्छ। त्यो सिफारिस प्रधानमन्त्रीमार्फत प्रस्तुत गरिएको हुन्छ भन्ने संसदीय सिद्धान्त हो। सरकार निर्माणको हकमा धारा ७६ (५) अन्तर्गत सरकारको नेतृत्व गर्न कुनै व्यक्तिलाई प्रधानमन्त्री नियुक्त गर्नुपर्योन भने राष्ट्रपतिले गर्न सक्नुहुन्छ । गत प्रतिनिधिसभाको चुनावयता राष्ट्रलपति, प्रधानमन्त्री तथा मन्त्री, प्रधान न्यायाधीश लगायतका जिम्मेवारीमा रहेकाहरुको आचरण संविधान अनुकुलका हुन सकेन्। प्रधानमन्त्री र राष्ट्र पतिले पटकपटक संविधानको उल्लंघन गरेको दृष्टाहन्त् अभिलेखमा अभिलेखित छन्। कानुनको पाठ पढाउने प्रधानन्यायाधीश आफै विवादमा पर्ने गरेका छन्। यसमा संसद पनि चुकेको छ। सांसदहरुले आफ्नो विवेक प्रयोग गर्न सकेका छैनन्। सांसदहरु संसदको कारोबारमा भन्दा नेतृत्वको चाकरीमा व्यस्त हुने गरेका छन्। सरकारको गैरजिम्मेवारी र अक्षमताका कारण संसदले कारोबार नै पाउन सकेनन्। संसदमा प्राय विषयमा गम्भिर छलफलनै हुँदैन ।

नेताहरुको कुरा मिले ताली पिट्ने , नमिले सदनमा नाराबाजी गर्ने बाहेकको काम सांसदले पाउनै सकेका छैनन्। राष्ट्र पति, उपराष्ट्रपति, सभामुख, उपसभामुख लगायतका सबै पदहरुलाई पार्टिगत भागबण्डाछको आधारमा दलहरुबिच बाँडफाँड हुने गरेको छ। यो पुरानै रोग हो राजनीतिक दलहरुको ।

राज्यशक्तिको प्रयोग गर्ने शीर्ष संस्थाहरु कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका बाट अधिकारको दुरुपयोग नहोस् भनेर संविधानले शक्ति सन्तुलनको सिद्धान्तलाई हंगीकार गरेको छ। कसैले आफ्नो अधिकारको दुरुपयोग गरेमा त्यसलासई बरखास्त गर्ने बाटो संविधानले नै दिएको छ। प्रधानमन्त्री संसदीय प्रक्रियाबाट बरखास्त हुन सक्छन्।राष्ट्रपति र प्रधानन्यायाधीशलाई महाभियोग लगाउन सकिन्छ। स्वस्थ संवैधानिक एवं राजनीतिक अभ्यासको विकास गर्ने हो भने मात्र यी कुराहरु सम्भव छ। तर नेपालमा ठूला नेताको वर्चस्व अपरिहार्य मानिएको छ। सांसदहरु ठूला नेताका कठपुतली मात्रै हुन्। नयाँ संविधान जारी भएपछि पनि राज्यशक्तिको प्रयोग गर्ने शीर्ष संस्थाहरुको नेतृत्व गर्ने ब्यक्तित्वहरुको काम र व्यबहारले प्रणालीको परिवर्तनभन्दा , उपयुक्त व्यक्तिको चयन र स्वस्थ अभ्यासको खाँचो रहेको देखाउछ।

आमनिर्वाचन भनेको लोकतन्त्रका लागि बुस्टर डोज हो। आमनिर्वाचनकै माध्य मबाट मतदाताले अधिल्लो चुनावमा आफ्ना प्रतिनिधी चुन्नट गरेको गल्ती सच्चयाउने र नागरिकपन देखाउने अवसर पनि हो। विगत पाँच वर्षमा जनप्रतिनिधीले गरेको कामको मूल्यांकन गरी दण्डय वा पुरस्कार दिने अवसर हो। सच्चिएर असल प्रतिनिधी चुन्नग पुनः पाएको अवसर हो । मतदाताले असल प्रतिनिधी चुन्नस सफल भएमा मात्र लोकतन्त्रको विकास हुन सक्छ नभए विगत र भविष्य फरक हुन सक्दैन्।

हाम्रो लोकतन्त्रको अबको प्रमुख आवश्यछकता उपयुक्त ब्यक्ति र असल अभ्यास नै हो। हाम्रो प्रणालीलाई असल जनप्रतिनिधी चाहिएको छ। अबको संसदले दलीय मानसिकताबाट मुक्त राष्ट्रपति र उपराष्ट्रपति दिन सक्नु पर्छ। त्यस्तै प्रधानमन्त्रीमा नयाँ तर सक्षम र असल पात्रलाई ल्याउन सक्नु पर्छ। सभामुख र उपसभामुखलाई कागजिरुपमा होईन मानसिकरुपमै स्वतन्त्र बनाउन सक्नु पर्छ। सभामुखले दलिय कार्यकर्ताभन्दा माथि उठेर सभाको प्रमुख भएर आफ्नो विवेक प्रयोग गर्दै काम गर्न सक्नु पर्छ। दलहरुले न्यायाधीश च्यन गर्ने प्रकृयालाई पनि सफा बनाउन अत्यावश्यमक छ । त्यस्तै सफा अन्य राजनितीक नियूक्तीलाई समेत बनाउन जरुरी छ। कार्यकर्ताभन्दा सक्षमलाई प्राथमिकता दिनु त्यति नै जरुरी छ।ठूला नेताको वर्चस्वको अपरिहार्यतालाई अन्त्य नगरी यी कुराहरु सम्भव छैन्।ठूला नेताहरुले आफ्ना काम र व्यवहार नसुधारे नेता बदनाम र दल कमजोर हुँदै जान्छ। नेताको व्यवहार सुधार्न र घमण्डा तोडन पनि मतदाताले आफ्नो विवेक प्रयोग गरेर अब मतदान गर्नु पर्छ, नभए संविधान र प्रणालीमाथि खतरा रहि रहने छ ।

# बाबाधामसम्मको एउटा अनुपम धार्मिक यात्रा



डा. रामसागर पंडित

बैद्यनाथधाम अनेक नामबाट प्रख्यात छन् । कतिले बाबाधाम त कतिले देवधाम आदि नामले बुलाउने गर्छन । बैद्यनाथधाम आफैमा एउटा प्रसिद्ध धाम हुन् । विश्वका हिन्दूहरू बाबालाई दर्शन गरी आशिर्वाद लिन बैद्यनाथधामसम्म आउँछन । यस लेखका लेखक पनि केही व्यक्तिहरूका एउटा समूहमा सामिल भएर बाबाधामको धार्मिक यात्राका लागि तम्तयार भयो । यसै महिनाको १९ गते दशमी तिथि बुधबारका दिन जनकपुरधामबाट बाबाधामका लागि यात्रा शुरू गरियो । संख्यात्मक रूपमा ३० जनाको समूह भएकोले जाँदा-आउँदा रमाइलैपूर्वक समय वित्न थाल्यो । हामी बुधदिनकै विहान नेपाल रेल्वेबाट भारतको जयनगर शहर पुग्यौं । जयनगर मधुबनी जिल्लाको उत्तरी क्षेत्रको मात्रै होइन नेपाल धनुषा एवं सिरहा जिल्लाका लागि पनि किनमेलको प्रमुख बजार रहेछ । त्यही सबै जना खाइओइ गरी राति ८:३० मा जयनगर भागलपुर एक्सप्रेसमा चढ्यौं । सीटको अभाव भए पनि हामी जेनतेन विहान ६:०० बजेतिर सुल्तानगंज पुग्यौं । त्यहाँबाट सबैजना पैदलै हिंडेर गंगाको जहांगीरघाटसम्म पुगेर गंगाको पबित्र जलमा सबै जना धार्मिक मन्त्रोच्चारणसाथ स्नान तथा पूजापाठ गरी पवित्र भयौं । सुल्तानगंजदेखि बैद्यनाथधामको दुरी १०५ कि.मी. रहेछ । यसलाई पूरा गर्न काँवरियाहरू गंगाजलको भार बोकी पैदलै पूरा गर्छन् भने अन्य यात्रुहरूमध्ये कतिले आफ्नै रिजर्भ गाडीले, त कतिले ओटोरिक्सा तथा बसमा जाने गर्छन । हामी सबै जना एकदम छोटो यात्रामा निस्केका हुनाले एउटा माइक्रोबस रिजर्भ गरेर सुल्तानगञ्जबाट बैद्यनाथधामका लागि गुड्यौं । बाटोमा केही स्थानको अवलोकन गर्दै आनन्द लिँदै हामी अगाडी बढ्दै गयौं । सबैभन्दा पहिले हामी बाबा अजगैबीधामदेखि कमराय पुग्यौं । त्यो स्थान सुल्तानगञ्ज देखि ६ कि.मी. रहेछ । त्यसपछि दोस्रो पडाव मासूमगञ्जको बाटो २ कि.मी. पार गर्दै हामी असरगञ्ज-रणगाउँ (५ कि.मी), रणगाउँ-तारापुर (३ कि.मी), तारापुर-माधोडीह (२ कि.मी), माधोडीह-रामपुर (५ कि.मी), रामपुर-बुमारसार (८.कि.मी), कुमारसार-विश्वकर्मा टोला (४ कि.मी), महादेवनगर-चन्दननगर (३ कि.मी), चन्दननगर-जिलेबियामोड (२ कि.मी), जिलेबियामोड-टंकेश्वरनाथ (५ कि.मी), टंकेश्वरनाथ-सूइया (३ कि.मी), सुइया-शिवलोक (२ कि.मी), शिवलोक-अबरखिया (६ कि.मी), अखरखिया-दुल्लीसार (६.५ कि.मी), दुल्लीसार-कांवरियाधर्मशाला (१.५ कि.मी), कांवरियाधर्मशाला-लक्ष्मण झूला (८ कि.मी), लक्ष्मणझूला- इनारावरण (२ कि.मी), इनारावरण-भूलभूलैयानदी (३ कि.मी), भूलभूलैयानदी-गोरियारी (५ कि.मी), पटनियाधर्मशाला-कलकतियाधर्मशाला (३ कि.मी), कलकतियाधर्मशाला-भूतबंगला (५ कि.मी), भूतवंगला-दर्शनिया (१ कि.मी) र दर्शनिया-शिवगंगाबाबामन्दिर (१ कि.मी) गरी जम्मा १०५ कि.मी. को दूरी तय गरेर बाबाधामको मंदिर पुगिन्छ ।

भगवान शंकर भारतीय भूमिमा २१ अवतार लिइ २१ पटक प्रकट भएका थिए । त्यस्तै भगवान शंकरको शिवलिङ्गतिर जाँदा २१ शिवलिङ्गमध्ये बैद्यनाथशिवलिङ्ग निकै प्रसिद्ध शिवलिङ्गमा आउँछन । यसमध्ये द्वादश ज्योतिर्लिङ्गहरूमा केदारनाथ (उत्तराखण्ड), विश्वनाथ (काशी), महाकालेश्वर (उज्जैन), ओंकारेश्वर (मध्य प्रदेश), मल्लिकार्जुन (आन्ध्र प्रदेश), बैद्यनाथ (झारखण्ड), भीमशंकर (आसाम), धुरमेश्वर (औरंगाबाद), त्र्याम्बकेश्वर (नासिक), नागेश्वर (गुजरात), सोमनाथ (गुजरात) र रामेश्वरम् (मद्रास) रहेका छन् । हुनत भारतीय चारधाममा बैद्यनाथधाम आउँदैन । चारधाममा जगन्नाथधाम, रामेश्वरम्, द्वारिका र बद्रीनाथ आउँछन् । बैद्यनाथधाम भारतीय चारधामभित्र नपरे पनि यसको महत्ता कुनै धामभन्दा कम रहेको देखिँदैन ।

एक समय राक्षस श्रेष्ठ अभिमानी एवं परम शिवभक्त रावणले भगवान शंकरलाई प्रसन्न गर्नका लागि कैलाशपर्वत गएर कठिन तपस्या गरेका थिए । धेरै समयसम्म आराधना गर्दै जाँदा पनि रावण शिवलाई प्रसन्न गर्न सकेन । त्यसपछि रावणले अझै कठोर तप गर्ने निश्चय गरे । अति कठोर तपस्या गर्दा पनि भगवान शंकर प्रकटको लक्षण नदेखेपछि आफ्नो टाउको एक-एक गरेर काटेर शिवजीको पूजा स्थलमा राख्न थाले । नौवटा टाउको काटी सकेपछि दशम् टाउको काट्न लाग्दा भक्तवत्सल भगवान शिव प्रकट हुनु भयो र काटिएका सिरहरू तुरून्त गरि रावणसँग वरदान माग्न भनुभयो । रावणले भन्नुभयो यदि तपाई ममाथि प्रसन्न हुनुहुन्छ भने मसँगै हिंडेर लंका नगरीमा बास बस्नुहोस् । भगवान शिव असमन्जसमा परेपनि भक्त रावणका तपस्या हेरेर इन्कार गर्न सक्नुभएन । अन्तमा भगवान शिवले भनुभयो- मेरो लिङ्ग स्वरूपलाई तिमी भक्तिपूर्वक आफ्नो साथ लिएर जाउ, तर लिङ्गलाई धर्तीमा नराखिकन लंका जाउ, यदि धर्तीमा राख्यौं भने शिवलिङ्ग त्यही स्थापित हुनेछ । रावण भगवान शिवको वचनलाई शिरोधार्य गरी लङ्काका लागि प्रस्थान गर्नुभयो । शिवमायांले रावणलाई भारी लघुशंका गर्ने इच्छा जागृत भयो । एउटा गोपलाई लिङ्ग समात्न लगाइ रावण लघुशंका गर्न थाल्नुभयो । गोपले पटक पटक रावणलाई भने पछि रावण लघुशंकाबाट नआएपछि गोपले त्यही लिङ्गलाई राखिदिनुभयो । लिङ्ग त्यही स्थापित हुनु भयो । यही ज्योर्तिलिङ्ग पछि गएर बैजनाथेश्वरको नामबाट प्रसिद्ध भयो । यस लिङ्गको दर्शनबाट सबै कामनाको पूर्ति तथा पापनाश हुने जनविश्वास छ । त्यसैवेला ब्रह्मा, विष्णु लगायत अन्य देवगणले त्यस लिङ्गलाई पूजा-अर्चना गरेका थिए । त्यसलिङ्गमा भगवान शिवलाई प्रत्यक्ष रूपमा पाएर ती सबै देवगणले उहाँलाई त्यहीं प्रतिष्ठा गरेर वहाँ बैद्यनाथधामको नामले प्रसिद्ध हुनुभयो ।



बाबा बैद्यनाथको दर्शन गर्न हामी एउटा निकै लामो पंक्तिमा पंक्तिबद्ध भयौं । निकै समयको अन्तरालपछि, हामी एक-एक गरेर बाबाको मन्दिरमा प्रवेश पायौं । दर्शन पनि बडो राम्रोसँग गरेर सबै विस्तारै बाहिर निस्कियौं । निस्किसकेपछि निकै थकाइ महसूस गर्न थाल्यौं । समय लगभग ५:०० बजिसकेको थियो । हामी सबैजना नेपाली पंडा भोला मिश्रकहाँ फर्कियौं । तबसम्म पुरानो भवनमा ठाउँको अभाव देखिन्थ्यो । पंडाजीका सहायक पण्डा हामीलाई जनकपुर-मिथिला भवनतिर डोऱ्याउनु भयो । पानी परिरहेको कारणले हामी सबैजना अलिअलि भिज्न थाल्यौं । भिजे पनि पण्डाको पछि हामी छोडेनौं । लगभग ७:३० मा हामी नयाँ भवनमा प्रवेश गऱ्यौं । ठूलै हल खाली थियो । सबैजनाले राम्ररी बस्ने र सुत्ने ठाउँ पाए । म र मेरा भाइ पहिलो तल्लाको कोठामा सऱ्यौं ।

भोलिपल्ट हामी विहानै स्नान गरेर बासुकीनाथका लागि सुरसार गऱ्यौं । बाबाधाममा हामी तीनवटा अटोरिक्शा भाडामा रिजर्भ गऱ्यौं । बाबाधामबाट हामी सोझैं बासुकीनाथ गयौं । बाबाधामदेखि बासुकीनाथ ४६ कि.मी. पूर्वमा अवस्थित छ । बाबा बासुकीनाथधाम अत्यन्तै जाग्रत शैवतीर्थ स्थलमा आउँछन् । भनाइ छ कि बासुकीनाथबाबाको दर्शन बिना बाबाधामको पूजा अर्चना अधुरो हुन्छ । यहाँको प्रचलित मान्यता अनुसार यस रमणीक महावनमा निर्मल अत्यन्त मनोहर ज्यार्तिमय नागनाथ नामक शिवलिङ्ग कलियुगमा प्राणीहरूलाई सौन्दर्य तथा पुत्रादिक इच्छा पूरा गर्ने शक्ति पीठ हुनेछन् । बैद्यनाथधामदेखि बासुकीनाथसम्म जाँदै गर्दा बाटाका दृश्य एकदम मनमोहक देखिन्थ्यो । दुबैधामको बीचमा अनेकौ विश्राम स्थल छन् । जहाँ काँवरियाहरू विश्राम लिने गर्छन । त्यसै वाटोको बीच दुरीमा घोडमारा भने एउटा प्रसिद्ध ठाउँ रहेछ । हामी बासुकीनाथदेखि फर्किने बेला खाना त्यहीं खाएका थियौं । त्यहाँको पेडा निकै प्रसिद्ध रहेछ । अधिकांश श्रद्धालु भक्तजनहरू त्यहाँ पेडा किन्ने गर्छन । हामी पनि आफ्ना गच्छे अनुसार पेडा किनेका थियौं । त्यहाँबाट बाटैमा पर्ने हामी त्रिकुटाञ्चल पर्वत हेर्न मूल बाटोबाट लगभग ०.७५ कि.मी. उत्तर पुग्यौं । त्यहाँ बाँदरको सङ्ख्या बढी हेर्न पाइन्छ । पर्यटक सावधान भएन भने हातैबाट झप्टेर भाग्छन् । यो पर्वत देवघर देखि १८ कि.मी. को दूरीमा छ । यस पर्वतमा एउटा प्राचीन महादेवको मन्दिर छ । यसै स्थानमा दयानन्द आश्रम छ । यस स्थानको नैसर्गिकतालाई हेरेर सन् १६३३ मा दुर्गादेवीको मन्दिर स्थापना गरियो । यसपछि हामी तपोवन पुग्यौं । केही मानिसहरू हामीबाट छुटेर सोझै बैद्यनाथधाम फर्केका थिए । तपोवन बैद्यनाथ रेल्वे स्टेशनदेखि लगभग १० कि.मी. को दूरीमा अवस्थित छ । प्राचीनकालमा महर्षि वाल्मीकि एवं रावणका तपोस्थली थियो । यहाँ एउटा भव्य शिव मन्दिर रहेछ । यसै जंगलमा बालानन्द ब्रह्मचारीले यसै ठाउँमा सिद्धि प्राप्त गरेका थिए । वहाँको शिष्य ब्रह्मचारी मोहनान्द आश्रम पनि छ । यहाँ केही गुफाहरू छन् । ती गुफाहरू भित्रसम्म मानिसहरू गइरहन्छन् । यहाँ आध्यात्मिक केन्द्र पनि छ । अहिले तल बजारको रूप लिइ सकेको छ ।

देवघरको अन्य प्रमुख दर्शनीय स्थलहरूमा नन्दन पहाडी, हरिला जोडी, महादेव झर्ना, बैजू मन्दिर, कुण्डेश्वरीदेवी मन्दिर, नवदुर्गा मन्दिर, सत्सङ्गनगर, पगलाबाबा मन्दिर, रामकृष्ण मिशन रहेका छन् । यस्तै अन्य मन्दिरहरूमा नौलकखा मन्दिर, मानसरोवर, भैरबघाट, शीतला मन्दिर, दोलमञ्च, रामनिवास ब्रह्मचर्याश्रम, ध्यानकुटी, स्पटिकस्वयंभू लिङ्ग, चण्डी पहाडी रहेका छन् । यी तीर्थ स्थलहरू निकै प्रसिद्ध रहेका छन् । बैद्यनाथ मन्दिर प्राङ्गणमा बाइस अन्य मन्दिर छन् । यी मन्दिरहरूमा क्रमशः पार्वती मन्दिर, जगतजननी मन्दिर, गणेश मन्दिर, ब्रह्मा मन्दिर, संध्या मन्दिर, कालभैरब मन्दिर, हनुमान मन्दिर, मनसा मन्दिर, सरस्वती मन्दिर, सूर्य मन्दिर माइबगला मन्दिर, श्रीराम-लक्ष्मण-जानकी मन्दिर, गंगा जाह्नबी मन्दिर, आनन्दभैरबमन्दिर, गौरीशंकर मन्दिर, नर्मदेश्वर महादेव मन्दिर, तारा मन्दिर, काली मन्दिर, अन्नपूर्णा मन्दिर, लक्ष्मीनारायण मन्दिर, नीलकण्ठ मन्दिर, नन्दी बैल बसहा रहेका छन् । बैद्यनाथबाबा मन्दिरदेखि नजिकै शीवगङ्गा अवस्थित छ । तीर्थालुहरू त्यस गंगामा स्नान गरी पवित्र हुन्छन् ।

निष्कर्षमा के भन्न सकिन्छ भने बैद्यनाथधामको व्यवस्थापनमा केही कमिकमजोरी देखिन्थ्यो । सडकको दुबै छेउमा फोहरहरूले गर्दा दुर्गन्ध आइरहेको थियो । शिवगङ्गाको पानी निकै फोहर देखिन्थ्यो । बैद्यनाथधाम नगरपालिकाले सरसफाइमा ध्यान दिएको देखिएन । ठाउँ-ठाउँमा आधुनिक शौचालयको अभाव देखिन्थे । सामान्य रूपले मन्दिर वरिपरि खाने-बस्ने होटलहरूको अभाव महसूस गरेका थिए । बाबाधाम जस्तो अन्तर्राष्ट्रिय धाममा व्यवस्था पनि गतिलै भइ दिएमा अझै ठूल्ठूला परिवारका मानिसहरू सजिलै आउँथे होला । यस धामका लागि स्पेशल ट्रेनको व्यवस्था भइ दिए अझै पर्यटकहरू सजिलैपूर्वक यहाँसम्म आवत-जावत गर्थे होला । इतिश्री ।

**लेखक धर्म संस्कृतिका अध्येता हुनुहुन्छ ।**

# आगामी निर्वाचनमा भाग लिन दर्ता भएका ८६ दलमध्ये ५७ मात्र प्रत्यक्षमा



काठमाण्डु । आगामी मङ्सिर ४ गने हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा भाग लिने प्रयोजनका लागि निर्वाचन आयोगमा ८६ दल दर्ता भए पनि ५७ दलले मात्र प्रत्यक्षतर्फ उम्मेदवारी दिएका छन् ।

प्रतिनिधिसभातर्फ ५७ दलले उम्मेदवारी दिएको आयोगले जनाएको छ । प्रदेशसभातर्फ भने प्रत्येक प्रदेशमा प्रत्यक्षतर्फ उम्मेदवारी दिने दलको सङ्ख्या फरक छ । प्रदेश एकमा ३०, मधेशमा ३७, वाग्मतीमा ३२, गण्डकीमा २३, लुम्बिनीमा २५, कर्णालीमा १६ र सुदूरपश्चिममा २० दलले प्रदेशसभातर्फ प्रत्यक्षतर्फ उम्मेद्वारी दिएका छन् ।

आयोगमा दर्ता भएका दलको सङ्ख्या भने एक सय १६ रहेको सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिनुभयो । दर्ता भएका सबै दलले आगामी निर्वाचनमा भाग नलिने पनि उहाँले बताउनुभयो । विसं २०७४ को निर्वाचनमा प्रत्यक्षतर्फ ५५ दलले भाग लिएका थिए ।

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि आगामी मङ्सिर ३ गते १८ वर्ष पूरा हुनेले मतदान गर्न पाउनेछन् । त्यसका लागि मतदातासँग परिचय पत्र हुन आवश्यक छ ।

आगामी मङ्सिर ३ गतेसम्म १८ वर्ष पूरा हुनेसमेत एक करोड ७९ लाख ८८ हजार पाँच सय ७० जनाले मतदान गर्न पाउने आयोगले जनाएको छ । जसमा ९१ लाख ४० हजार आठ सय ६ पुरुष, ८८ लाख ४७ हजार पाँच सय ७९ महिला र एक सय ८५ अन्य मतदाता रहेका छन् ।

# निष्पक्ष र स्वतन्त्र पर्यवेक्षणका लागि प्रमुख आयुक्त थपलियाको आग्रह

काठमाण्डु । निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेशकुमार थपलियाले निर्वाचनमा परिचालित हुने पर्यवेक्षकले कुनै दल र उम्मेदवारको पक्ष वा विपक्षमा प्रस्तुत भएको पाइएमा मान्य नहुने बताउनुभएको छ ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन, २०७९ का लागि पर्यवेक्षण संस्थाहरूका लागि बुधबार आयोजित प्रशिक्षक प्रशिक्षण कार्यक्रममा प्रमुख आयुक्त थपलियाले विगतका निर्वाचनहरूमा केही उदाहरणले केही पर्यवेक्षकहरू दल र उम्मेदवारका रूपमा प्रस्तुत भएको पाइएकाले त्यस्तो नगर्न आग्रह गर्नुभएको हो । उहाँले निर्वाचन प्रक्रियाका लागि एक अभिन्न अङ्ग र एक प्रकारले नागरिक समाजको हैसियतमा पनि पर्यवेक्षक रहेकाले निर्वाचन आचारसंहिता, २०७९ को पालना गरेर पर्यवेक्षकले आफ्नो दायित्व निर्वाह गरी आयोगलाई निर्वाचन व्यवस्थानमा सघाउन आग्रह गर्नुभयो ।

आवधिक निर्वाचनले नागरिकको अधिकार पुनःजागरण हुने र लोकतन्त्र बलियो भएको सन्देश जाने भएकाले यसका लागि उचित वातावरण बनाउन दलहरू, नागरिक समाज, आमसञ्चार र सबै पक्षको भूमिका हुने बताउनुभयो । प्रमुख आयुक्त थपलियाले संविधान र कानुनबमोजिम निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रणको दायित्व आयोगको भएकाले सरकारले



निर्वाचन गराउने अर्थमा बुझ्नु गलत हुने स्पष्ट गर्दै बहुदलीय प्रतिस्पर्धात्मक प्रणालीमा खराब दलको विकल्प असल दल हुने र स्वतन्त्र उम्मेदवारले पनि उम्मेदवार हुन पाउने उल्लेख गर्दै निर्वाचन सफल तुल्याउन सबैमा आग्रह गर्नुभयो । कार्यक्रममा आयोगका सहसचिव एवं प्रवक्ता शालिग्राम पौडेलले पर्यवेक्षक संस्थाले निर्वाचन आचारसंहितामा ध्यान दिएर आफ्ना पर्यवेक्षकलाई प्रशिक्षित गर्न आग्रह गर्नुभयो ।

कार्यक्रमको प्राविधिक सत्रमा आयोगका सहसचिव पौडेलले निर्वाचनसम्बन्धी संवैधानिक व्यवस्था, निर्वाचन प्रणाली, समावेशीकरणसम्बन्धी कानूनी व्यवस्था, निर्वाचन तयारी र निर्वाचन कार्यक्रम, आयोगका पूर्वसचिव बेगेन्द्रराज पौडेलले पर्यवेक्षण संस्था र पर्यवेक्षकको आचारसंहिता तथा दायित्व, आयोगका उपसचिव कमल भट्टराईले निर्वाचन पर्यवेक्षणको अवधारणा र सम्बन्धमा नीतिगत व्यवस्था र आयोगका उपसचिव सूर्यप्रसाद अर्यालले कार्ययोजना र प्रतिवेदनसम्बन्धी व्यवस्था तथा मतदान, मतगणना र निर्वाचन विवाद निरुपण विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो । प्रशिक्षणमा निर्वाचनका लागि पर्यवेक्षण गर्न आवेदन दिइ अनुमति पाउने ४३ संस्थाका प्रतिनिधि सहभागी छन् ।रासस

## सहमतिको पालना गर्न बागी उम्मेदवारलाई निर्देशन

काठमाण्डु । नेकपा (एकीकृत समाजवादी)का महासचिव डा वेदुराम भुसालले गठबन्धनको सहमतिविपरीत उम्मेदवारी दिएका आफ्ना नेता तथा कार्यकर्तालाई उम्मेदवारी अविलम्ब फिर्ता लिन निर्देशन दिनुभएको छ ।

महासचिव डा भुसालले विज्ञप्ति जारी गर्दै आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा पार्टी निर्देशनको अवज्ञा गरी उम्मेदवारी कायमै राखेमा पार्टीले कारबाही गर्ने बताउनुभएको छ । निर्धारित समयसीमाभित्र उम्मेदवारी फिर्ता गरी साङ्गठनिक अनुशासनमा दृढ रहन समेत उहाँले आग्रह गर्नुभएको छ ।

निर्वाचन आयोगले यही असोज २३ गते उम्मेदवारी मनोनयन तथा असोज २६ गते मनोनयन दर्ता भएका उम्मेदवारले आफ्नो उम्मेदवारी फिर्ता लिनका लागि समय तोकेको छ ।

यसअघि पार्टीले गठबन्धनका साझा उम्मेदवारलाई देशभरबाट विजयी गराउन सम्पूर्ण मतदातालाई आग्रह गरेको थियो ।रासस

# गैरआवासीय नेपालीलाई नागरिकता दिन विलम्ब गर्नु हुँदैन : अध्यक्ष ओली

काठमाण्डु । नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले गैरआवासीय नेपालीलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसहितको नागरिकता दिन विलम्ब गर्न नहुने बताउनुभएको छ । 'गैरआवासीय नेपालीलाई नागरिकता दिन विलम्ब हुन नहुने थियो', उहाँले भन्नुभयो, 'यो विषयलाई निर्वाचनपछि समाधान गर्छौं, गैरआवासीय नेपालीलाई तुरुन्त नागरिकता उपलब्ध गराइनेछ ।'

गैरआवासीय नेपाली दिवस एवं गैरआवसीय नेपाली सङ्घको वार्षिक साधारणसभाको बुधबार काठमाण्डुमा समापन गर्दै उहाँले आफूले सरकारको नेतृत्व गरेको समयमा गैरआवासीय नेपालीलाई नागरिकता दिलाउन नागरिकता विधेयक अगाडि बढाउन खोजे पनि सत्ता साझेदारका कारण निणायार्थ प्रस्तुत गर्न नसकेको जिकिर गर्नुभयो । 'गैरआवासीय नेपालीका माग स्वभाविक छन्, मैले त्यसलाई समर्थन गर्र्दै आइरहेको छु', उहाँले भन्नुभयो ।

गैरआवासीय नेपालीलाई नेपालको समृद्धिका लागि लगानी गर्न आह्वान गर्दै उहाँले लगानीको व्यवधान हटाइने प्रतिबद्धता व्यक्त गर्नुभयो । 'गैरआवासीय नेपालीलाई नेपालमा लगानीका लागि सहज ढङ्गको वातावरण बनाइनेछ, लगानीको प्रक्रियालाई सरलीकृत गरिनेछ', पूर्वप्रधानमन्त्री ओलीले भन्नुभयो ।

प्रवासी नेपालीलाई जहाँ भए पनि मतदानको व्यवस्था मिलाउन निर्वाचन आयोगले प्रयास गरिरहेको उल्लेख गर्दै उहाँले नेपाली जहाँ भए पनि मताधिकारको प्रयोग गर्न पाउनुपर्छ भन्नेमा आफू दृढ रहेको बताउनुभयो । उहाँले भूकम्प, नाकाबन्दी तथा कोरोना महामारीमा गैरआवासीय नेपालीले



निर्वाह गरेको भूमिकाको प्रशंसा गर्नुभयो ।

एमालेको नेता डा सूर्य पाठकले गैरआवासीय नेपालीलाई नागरिकता प्रदान, प्रवासी नेपालीलाई मताधिकारको प्रयोग, वैदेशिक रोजगारीमा रहेका नेपालीलाई सामाजिक सुरक्षाको प्रत्याभूति गराउने तथा पुस्तौँदेखि बर्मा, मलेसिया, थाइल्याण्डलगायत मुलुकमा रहेका नेपालीलाई पनि गैरआवासीय नेपालीले पाउने अधिकार दिलाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य उमेशजङ्ग रायमाझीले मुलुकको विकासका लागि गैरआवासीय नेपाली एकजुट हुनुपर्ने उल्लेख गर्र्दै गैरआवासीय नेपालीले उठाएको मुद्दामा आफ्नो पार्टीको समर्थन रहेको बताउनुभयो ।

सङ्घका संस्थापक अध्यक्ष डा उपेन्द्र महतोले मातृभूमिलाई समृद्ध बनाउने गैरआवासीय नेपालीले आआफ्नो क्षमता प्रदर्शन गर्दै आइरहेको बताउनुभयो । उहाँले सरकार र सबै राजनीतिक दलले विदेशमा रहेका नेपालीले नेपालमा लगानीका लागि उपयुक्त वातावरण सिर्जना गरिदिनुपर्ने बताउनुभयो ।

सङ्घका अध्यक्ष डा बद्री केसीले गैरआवासीय नेपालीले विदेशमा नेपालको प्रतिनिधित्व गरिरहेको जनाउँदै अध्यादेश ल्याएर भए पनि गैरआवासीय नेपालीलाई तत्काल नागरिकता दिइनुपर्ने बताउनुभयो । सङ्घका अर्का अध्यक्ष कूल आचार्यले नेपालको समृद्धिका लागि गैरआवासीय नेपालीले सच्चा साझेदारीको पहल गरिरहेको बताउनुभयो । दुई दिनसम्म चलेको सो साधारणसभा आज १० बुँदे काठमाडौँ घोषणापत्र जारी गर्र्दै सम्पन्न भएको छ । सम्मेलनको प्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गर्नुभएको थियो । सम्मेलनमा विभिन्न विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो ।रासस

# 'कहीँ नभएको हाँडीगाउँको जात्रा' को मूर्ति भित्र्याइयो पुजारी घरमा

काठमाण्डु । काठमाण्डु महानगरपालिका-५ स्थित हाँडीगाउँ क्षेत्रमा प्रदर्शन गरिने चोक्काथुनारायणको जात्राका तीनवटै मूर्तिलाई कोटालटोलस्थित पुजारीघरमा भित्र्याएसँगै यस वर्षको जात्रा सम्पन्न भएको छ । कार्तिक कृष्ण तृतीयाका दिन रथयात्रा गरिने तीनवटै मूर्तिलाई पुजारीघरमा भित्र्याइएको पूर्व वडाध्यक्ष रमेश डङ्गोलले राससलाई जानकारी दिनुभयो ।



मूर्ति भित्र्याएसँगै यो वर्षको जात्रा सबै काम सकिएको छ । प्रत्येक वर्ष कोजाग्रत पूर्णिमापछि गरिने यो जात्रा यस क्षेत्रको प्राचीन मौलिक संस्कृतिका रुपमा मानिँदै आएको छ । जात्राका क्रममा सोमबार हाँडीगाउँ, विशालनगर र गहनापोखरी क्षेत्रमा रथयात्रा गरिएको थियो । तीननारायण एवं 'कहीँ नभएको जात्रा हाँडीगाउँमा' समेत भनिने यो जात्रा यस क्षेत्रको प्राचीन जात्रा मानिन्छ । देशका अन्य स्थानमा हुने जात्रा खटको गजुर उल्टो नपारी गरिने र यहाँको नारायण जात्रा भने उल्टो पारेर गरिने भएकाले कहीँ नभएको जात्रा भन्ने गरिएको हो ।

चोकेटनारायणसमेत भनिने चोक्काथुनारायणको नाममा गुठी जग्गासमेत राखी जात्रा चलाउने व्यवस्था गरिएको थियो । गुठी संस्थानकोलगतमाचोक्काथुनारायण एवं तीननारायणका नाममा गुठी जग्गा राखिएको छ । मन्दिरको ढोकामा रहेको नेवारी भाषाको अभिलेखअनुसार राजा नरेन्द्र मल्लको पालादेखि यो जात्रा सुरु भएको हो । चोक्काथुनारायणको मन्दिर बूढानीलकण्ठबाट ल्याई यहाँ स्थापना गरिएको 'हाँडीगाउँ : एक परिक्रमा' पुस्तकका लेखक एवं यस क्षेत्रको सांस्कृतिक परम्पराका बारेमा अध्ययन गरिरहनुभएका यज्ञनाथ आचार्यले बताउनुभयो । जात्राका क्रममा बुधबार मूर्तिलाई पुजारी घरमा राखिन्छ । यसपछि यो जात्रा समाप्त हुन्छ । कार्तिक कृष्ण प्रतिपदादेखि तृतीयासम्म यस क्षेत्रमा कहीँ नभएको जात्रा गर्ने चलन छ ।रासस

## दीपक मनाङ्गे निर्विरोध निर्वाचित

मनाङ । सङ्घीयता कायम भएपछिको दोस्रो प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको प्रक्रियागत कार्यक्रम सञ्चालन भइरहेका छन् ।

हिमाली जिल्ला मनाङबाट प्रदेशसभा सदस्यमा दीपक मनाङ्गे (राजीव गुरुङ) निर्विरोध निर्वाचित हुनुभएको छ ।

मनाङको प्रदेशसभा निर्वाचन क्षेत्र 'ख' बाट प्रदेशसभा सदस्यका स्वतन्त्र उम्मेदवार दोर्जे लामा गुरुङले आज उम्मेदवारी फिर्ता लिएपछि मनाङ्गे निर्विरोध निर्वाचित हुनुभएको हो ।

मनाङ्गेलाई बुधबारनै निर्विरोध निर्वाचित भएको घोषणा गरिने मुख्य निर्वाचन अधिकृत उत्तम सिलवालले जानकारी दिनुभयो । मनाङ्गे विसं २०७४ मा पनि स्वतन्त्र निर्वाचित प्रदेशसभा सदस्य हुनुभएको थियो । गुरुङ हाल गण्डकी प्रदेशको युवा तथा खेलकुदमन्त्री हुनुहुन्छ ।रासस

## प्रधानसेनापतिसँग चीनका राजदूत यान्छीको बिदाइ भेट

काठमाण्डु । प्रधानसेनापति प्रभुराम शर्मासँग नेपालका लागि चीनका राजदूत हउ यान्छीले जङ्गी अड्डामा बुधबार बिदाइ भेट गर्नुभएको छ ।

राजदूत यान्छीलाई कार्यकाल सफलतापूर्वक पूरा गर्नुभएकामा बधाईज्ञापन गर्दै प्रधानसेनापति शर्माले सुखद भविष्यका लागि शुभकामना दिनुभएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

राजदूत यान्छी नेपालमा आफ्नो कार्यकाल पूरा गरी स्वदेश फर्कंदै हुनुहुन्छ ।रासस

# कर्णालीबाट प्रतिनिधिसभामा महिला उम्मेदवार दुई, प्रदेशसभामा शून्य

कर्णाली । कर्णालीमा प्रतिनिधिसभाका १२ क्षेत्रमध्ये दुई महिला उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् । प्रतिनिधिसभा सदस्यका लागि सत्ता गठबन्धनको साझा उम्मेदवारका रूपमा जुम्लाबाट नेकपा (माओवादी केन्द्र)का गोमा गौतम कुँवर र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को तर्फबाट दैलेख १ बाट कुन्ती शाही उम्मेदवार बन्नुभएको हो । दुवै जना तत्कालीन संविधानसभामा समानुपातिक सभासद हुनुहुन्थ्यो ।

कुँवरको प्रतिस्पर्धा नेकपा (एमाले)का रतननाथ योगी र राप्रपाका ज्ञानेन्द्र शाहीसँग हुँदैछ । जुम्लाको तातोपानी गाउँपालिका-४ मा जन्मनुभएकी कुँवर तत्कालीन माओवादी सशस्त्र द्वन्द्वमा सहभागी हुँदै राजनीतिमा प्रवेश गर्नुभएको हो । पशुपक्षी विकास राज्यमन्त्री भइसक्नुभएकी उहाँले गठबन्धनको सहयोगमा आफूले चुनाव जित्ने बताउनुभयो । "प्रत्यक्ष चुनाव लड्न पाउनु खुसीसँगै चुनौती पनि हो", उहाँले भन्नुभयो, "महिलाले जित्न सक्दैनन् भन्ने भ्रम छ, त्यसलाई तोड्न सफल हुनेछु ।" शाही हाल राप्रपाको केन्द्रीय महामन्त्री हुनुहुन्छ । राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी सङ्घको अध्यक्ष हुँदा उहाँ उपाध्यक्ष हुनुहुन्थ्यो । विसं २०७४ मा छ महिना स्थानीय विकास र तीन महिना सहरी विकास राज्यमन्त्री बन्नुभयो । दैलेखी जनताले नयाँ अनुहार खोजेकाले आफ्नो उम्मेदवारी परेको बताउँदै उहाँले भन्नुभयो, "लामो समयदेखि उही अनुहार दोहोरिने गरेको अवस्था छ, त्यसलाई यसपटक दैलेखी जनताले तोड्ने विश्वास लिएकी छु ।" उहाँसँग सत्ता गठबन्धनका साझा उम्मेदवार नेकपा (एकीकृत समाजवादी)का अम्मरबहादुर थापा र एमालेका रवीन्द्रराज शर्मासँग प्रतिस्पर्धा हुँदैछ ।

**प्रदेशसभा क्षेत्रमा शून्य**

सत्ता गठबन्धन दल र एमालेले कर्णाली प्रदेशसभाका २४ क्षेत्रमा प्रत्यक्षतर्फ महिला उम्मेदवारलाई टिकट दिएनन् । विसं २०७४ को निर्वाचनबाट कर्णाली प्रदेशसभामा १३ महिला सदस्य हुनुहुन्थ्यो । उहाँहरू सबै समानुपातिक निर्वाचन प्रणालीबाट चुनिनुभएको हो । प्रत्यक्षतर्फ शून्य उम्मेदवारी हुँदा यसपटक पनि समानुपातिकबाट प्रदेशसभामा महिला प्रतिनिधित्व हुनेछ । प्रतिनिधिसभा र प्रदेशसभामा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनुपर्ने संवैधानिक बाध्यता रहेको छ ।रासस

## अलपत्र पर्यटकको तत्काल उद्धार गर्न मन्त्री श्रेष्ठको निर्देशन

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले हिमाल आरोहणलगायत विभिन्न क्षेत्रमा अलपत्र परेका पर्यटकलाई तत्काल उद्धार गर्न निर्देशन दिनुभएको छ । पर्यटन विभागसहित मन्त्रालय मातहतका निकाय र सुरक्षा निकायका अधिकारीलाई मन्त्रालयमा बोलाएर मन्त्री श्रेष्ठले विपद्मा परेका विदेशी नागरिक तथा पर्यटकलाई तत्काल उद्धार गर्न निर्देशन दिनुभएको हो ।

निरन्तर वर्षा र प्रतिकूल मौसमका कारण पर्यटक बीच बाटोमै अलपत्र परेका तथा सम्पर्कमा आएका कतिपय पर्यटकलाई उद्धार गरिएको जनाइएको छ । अझै हिमाल आरोहणलगायत विभिन्न क्षेत्रमा पर्यटक अलपत्र भएको सूचना आएपछि मन्त्री श्रेष्ठले उनीहरूलाई तत्काल उद्धारको व्यवस्था मिलाउन निर्देशन दिनुभएको हो ।

मनाङ, गोरखा, मुस्ताङ र उपल्लो डोल्पालगायत हिमाली क्षेत्रमा पर्यटक पुगेका छन् । निरन्तर वर्षा र प्रतिकूल मौसमका कारण पर्यटकबीच बाटोमै अलपत्र परेका हुन् ।रासस


## श्री धर्म संस्था

**(रामस्वरुप साह, राम सागर साह)**

**मिल्स एरिया , जनकपुरधाम -१**

**भू बहाल भाडाको लागी खुल्ला बोलपत्र आह्वान सम्बन्धमा**

यस श्री धर्म संस्थाको जनकपुरधाममा रहेका जग्गाहरु भाडामा दिने भएकोहुनाले इच्छुक व्यत्तिहरुले सस्थाबाट शुल्क तिरी टेण्डर फाराम लिई यो सूचना प्रकाशित भएको मितिले (३५) पैतिस दिन भित्र कार्यालय खुलेका दिन श्री धर्म संस्था मिल्स एरिया, जनकपुरधाम-१, स्थित मुख्य कार्यालयमा आईपुग्न यो बोलपत्र आह्वान गरिएको छ ।

**शर्तहरु**

१. बोलपत्र आवेदन फारम यत्र संस्थाको कार्यालयबाट नगदी रसिद कटाइलिनसकिनेछ ।
२. ठेक्का बन्दोबस्त सबभन्दा बढी रकम कबोल गर्ने लाई दिइने छ ।
३ जनकपुरधाम को वार्ड न. २,८,९,१३ र १४ को जमिन मात्रै भाडामा दिइनेछ ।
४. फाराम मा केर मेट भएको पाइएमा सो फारामले मान्यता पाउने छैन ।
५. भू बहालमा लाग्ने जग्गा को विवरण यस संस्थाको कार्यालयको जग्गा फाँट बाट प्राप्त गर्न सकिनेछ ।
६. यस श्री धर्म सस्थाले निर्धारण गरेको रकम यस प्रकारका छन् ।
   क) मुख्य राजमार्गमा रु २,४०,०००।०० (दुई लाख चालिस हजार मात्र) प्रति वर्ष प्रति कठ्ठा,
   ख) राजमार्ग छुनेगरि रु २,००,०००।०० (दुई लाख मात्र) प्रति वर्ष प्रति कठ्ठा,
   ग) शाखा बाटोमा रु १,५०,०००।०० (एक लाख पचास हजार मात्र) प्रति वर्ष प्रति कठ्ठा,
   घ) वाटो घाटो नभएको जग्गाको रु १,०००००।०० (एक लाख मात्र) प्रति वर्ष प्रति कठ्ठा ।
७. टेण्डर फारम दस्तुर यस प्रकार रहने छन् ।
   क) ५०,०००।०० देखि १,००,०००।०० सम्मको लागि फारम दस्तुर रु १५०।००
   ख) रु १,००,००१।०० देखि ५,००,०००।०० सम्मको लागि फारम दस्तुर रु ३००।००
   ग) रु ५,००,००१।०० देखि रु १०,००,०००।०० सम्मको लागि फारम दस्तुर रु ७५०।००
   घ) १०,००,००१।०० देखि माथि जतिसुकै रकमको कार्य भएपनि रु १०,००,०००।०० माथि भन्दा प्रत्येक रु ५०,०००।०० मा रु ५०।०० फारम दस्तुर थप गरी नगदी रसिद लिनु पर्छ ।
८. विधिवत रुपमा परि आएको टेण्डर टेण्डरदाताहरु समेतका रोहवरमा खोलिने छ । तर टेण्डरदाता तोकिएको समय र स्थानमा उपस्थित नहुनेको मात्र कारणले टेण्डर खोल्ने काम स्थगित गरिने छैन ।
९. विधिवत परेको गोप्य टेण्डर हरु मध्ये जुन टेण्डर दाताको बोल कबोल रकम सबैभन्दा बढी हुनेछ सो टेण्डरदाता को नाउमा टेण्डर स्वीकृत गरिने छ । टेण्डरदाताले आफुले कबोल गरेको रकम १५ दिन भित्र एभरेस्ट्र बैंकको खाता नं ०१३००१०५२००६२९ मा जम्मा गरी सक्नु पर्नेछ ।
१०. कबोल गरेको रकम जम्मा गरेको बैंक भौचर पेश गरी भु बहाल करारनामा गर्न नागरीकता प्रतिलिपि सहीत उपस्थित हुनु पर्नेछ । थप जानकारी को लागि यस श्री धर्म सस्थाको जग्गा फाँट शाखामा सर्म्पक गर्नु पर्नेछ ।

**सचिव**

# नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकवाट "घ" वर्गको इजाजत प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

**केन्द्रीय कार्यालय विराटनगर, मोरङ्ग**

फोन : ०२१-४६२१०१, ४६३०३२
Email : info@nerude.org.np, website : www.nerude.org.np

## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैतिस) दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०७९/०६/२७)

यस लघुवित्त वित्तीय संस्था लिमिटेडबाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको चुक्ता भुक्तानी मिति समाप्त भइसकेको र सो कर्जा रकमको साँवा र व्याजको रकम नियमित/चुक्ता फच्छ्र्यौट गर्न पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत सोको बेवास्ता गरी तपाई ऋणी तथा जमानतकर्ताले कर्जा नियमित/चुक्ता फच्छ्र्यौट नगर्नु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिन भित्र यस लघुवित्त वित्तीय संस्था लिमिटेडको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखि तिर्न बुझाउन बाँकी रहेको सम्पुर्ण बक्यौता रकम चुक्ता फच्छ्र्यौट गर्न गराउन हुन ऋणी, जमानतकर्ता लगायत सम्बद्ध सबैमा सुचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधी भित्र कर्जा चुक्ता फच्छ्र्यौट नगरेको खण्डमा तपाई ऋणी तथा जमानतकर्ता सबैलाई कालो सूचिमा समाविष्ट गर्न सिफारिस गरिने, ऋणी तथा जमानतकर्ता समेतको चलअचल सम्पत्ति तथा अन्य सम्पत्तिबाट असुल उपरको लागी बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी तपाईको चल अचल सम्पत्ति बेच बिखन/रोक्का गर्न सक्ने वा उक्त सम्पत्तिबाट लघुवित्त वित्तीय संस्था लिमिटेडको सम्पुर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

आफ्नो व्यवसायिक ख्याती, सामाजिक प्रतिष्ठा तथा लघुवित्त वित्तीय संस्था लिमिटेडको उल्लेखित काम कारबाहीबाट तहाँ उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पुर्ण कर्जा चुक्ता फच्छ्र्यौट गर्नु हुने अपेक्षा गरिएको छ।

तपसिल :-

### शाखा कार्यालय जीतपुर

**ऋणीको नाम ठेगाना तथा विवरण**


१. ऋणीको पुरा नाम : यसुदा कुमारी नेपाली
ना.प्र.नं./जारी जील्ला : १९-०२-७१-०४१९७ सर्लाही
सदस्यता नं. ४३.:१४८.०१.३
कर्जा नं.२२६५ व्यवसायिक कर्जा
पति/वुवाको नाम : रामहरी नेपाली
ससुरा/बाजेको नाम : डम्वर बहादुर नेपाली
ठेगाना : जीतपुर सिमरा-४, बारा
कर्जाको उदेश्य : पशु व्यापार
साक्षी/जमानत दिने व्यक्तिको नाम : रामहरी नेपाली
नाता/सम्बन्ध : श्रीमान्
शाखा कार्यालय : शाखा कार्यालय जीतपुर


२. ऋणीको पुरा नाम : राधिका कुमारी श्रेष्ठ
ना.प्र.नं./जारी जील्ला :७४०/७०३०/८४४६,बारा
सदस्यता नं.४३.१४१.०१.१
कर्जा नं.१०४८ व्यवसायिक कर्जा,१३५७ मौसमी कर्जा
पति/वुवाको नाम :जिवन कुमार श्रेष्ठ
ससुरा/बाजेको नाम :टेक बहादुर श्रेष्ठ
ठेगाना : जीतपुर सिमरा-२, सिमरा
कर्जाको उदेश्य : कुखुरा फर्म
साक्षी/जमानत दिने व्यक्तिको नाम : जिवन कुमार श्रेष्ठ
नाता/सम्बन्ध : श्रीमान
शाखा कार्यालय : शाखा कार्यालय जीतपुर


३. ऋणीको पुरा नाम :निमा के.सी.
ना.प्र.नं./जारी जिल्ला : ५३१०२३/७४१ प्यूठान
सदस्यता नं.४३. १४१.०५.३
कर्जा नं. :९७२ मौसमी, २५७ व्यवसायीक
पति/वुवाको नाम : केशव बहादुर के.सी.
ससुरा/बाजेको नाम : लोक बहादुर क.सी.
ठेगाना : जीतपुर सिमरा-२, सिमरा, बारा
कर्जाको उदेश्य : होटल
साक्षी/जमानत दिने व्यक्तिको नाम : केशव बहादुर के.सी.
नाता/सम्बन्ध :श्रीमान
शाखा कार्यालय : शाखा कार्यालय जीतपुर


४. ऋणीको पुरा नाम : कमला पौडेल
ना.प्र.नं./जारी जील्ला : ३३२०८१/९४४ बारा
सदस्यता नं. ४३.१४१.०३.२
कर्जा नं. :७३७ व्यवसायिक कर्जा,१३५९ मौसमी
पति/वुवाको नाम : हेमलाल पौडेल
ससुरा/बाजेको नाम : सदानन्द पौडेल
ठेगाना : जीतपुर सिमरा-२, सिमरा, बारा
कर्जाको उदेश्य : किराना पसल
साक्षी/जमानत दिने व्यक्तिको नाम :हेमलाल पौडेल
नाता/सम्बन्ध :श्रीमान
शाखा कार्यालय : शाखा कार्यालय जीतपुर


५. ऋणीको पुरा नाम :पदम कुमारी हमाल
ना.प्र.नं./जारी जिल्ला : ११८०३५४१ झापा
सदस्यता नं. ४३.१४१.०४.३
कर्जा नं. :१३५८ व्यवसायिक कर्जा
पति/वुवाको नाम : राम बहादुर हमाल
ससुरा/बाजेको नाम : रुद्रबहादुर हमाल
ठेगाना : जीतपुर सिमरा-२, सिमरा, बारा
कर्जाको उदेश्य : कुखुरा पालन
साक्षी/जमानत दिने व्यक्तिको नाम : राम बहादुर हमाल
नाता/सम्बन्ध :श्रीमान
शाखा कार्यालय : शाखा कार्यालय जीतपुर


६. ऋणीको पुरा नाम :जमुना श्रेष्ठ
ना.प्र.नं./जारी जिल्ला : २०१९६ पर्सा
सदस्यता नं.४३. १४१.०३.१
कर्जा नं. :१३७१ व्यवसायिक कर्जा
पति/वुवाको नाम : तारा बहादुर श्रेष्ठ
ससुरा/बाजेको नाम : सुक बहादुर श्रेष्ठ
ठेगाना : जीतपुर सिमरा-२, सिमरा, बारा
कर्जाको उदेश्य : कुखुरा फर्म
साक्षी/जमानत दिने व्यक्तिको नाम : तारा बहादुर श्रेष्ठ
नाता/सम्बन्ध :श्रीमान
शाखा कार्यालय : शाखा कार्यालय जीतपुर


७. ऋणीको पुरा नाम :वविता बास्तोला
ना.प्र.नं./जारी जिल्ला : १०७०९,बारा
सदस्यता नं. ४३.१४१.०२.३
कर्जा नं. :१३९० व्यवसायिक कर्जा
पति/वुवाको नाम : प्रदिप वास्तोला
ससुरा/बाजेको नाम : कृष्ण वास्तोला
ठेगाना : जीतपुर सिमरा-२, सिमरा, बारा
कर्जाको उदेश्य : होटल
साक्षी/जमानत दिने व्यक्तिको नाम : प्रदिप वास्तोला
नाता/सम्बन्ध :श्रीमान
शाखा कार्यालय : शाखा कार्यालय जीतपुर


८. ऋणीको पुरा नाम :संगीता थापा
ना.प्र.नं./जारी जिल्ला : ३३/६६७
सदस्यता नं. ४३.१४१.०५.४
कर्जा नं. :१३९२ व्यवसायिक कर्जा
पति/वुवाको नाम : यज्ञ बहादुर मगर
ससुरा/बाजेको नाम : नर बहादुर मगर
ठेगाना : जीतपुर सिमरा-२, सिमरा, बारा
कर्जाको उदेश्य : मोटरसाईकल ग्यारेज
साक्षी/जमानत दिने व्यक्तिको नाम : यज्ञ बहादुर मगर
नाता/सम्बन्ध :श्रीमान
शाखा कार्यालय : शाखा कार्यालय जीतपुर


९. ऋणीको पुरा नाम :मिना माया श्रेष्ठ
ना.प्र.नं./जारी जिल्ला : ३७१२/४२६० बारा
सदस्यता नं. ४३.१४४.०१.१
कर्जा नं. :११३१ व्यवसायिक कर्जा,७३० मौसमी
पति/वुवाको नाम : यम बहादुर श्रेष्ठ
ससुरा/बाजेको नाम : धन बहादुर श्रेष्ठ
ठेगाना : जीतपुर सिमरा-२, सिमरा, बारा
कर्जाको उदेश्य :गाई,भैंसी पालन
साक्षी/जमानत दिने व्यक्तिको नाम :यम बहादुर श्रेष्ठ
नाता/सम्बन्ध :श्रीमान
शाखा कार्यालय : शाखा कार्यालय जीतपुर


१०. ऋणीको पुरा नाम :विनीता देवी
ना.प्र.नं./जारी जिल्ला : १०६३/३६७ पर्सा
सदस्यता नं. ४३.१४४.०२.७
कर्जा नं. १५१२ व्यवसायिक कर्जा,१०६९ मौसमी कर्जा
पति/वुवाको नाम : विनोद ठाकुर हजाम
ससुरा/बाजेको नाम : दुखा ठाकुर हजाम
ठेगाना : जीतपुर सिमरा-२, सिमरा, बारा
कर्जाको उदेश्य : गाई पालन
साक्षी/जमानत दिने व्यक्तिको नाम :विनोद ठाकुर हजाम
नाता/सम्बन्ध :श्रीमान
शाखा कार्यालय : शाखा कार्यालय जीतपुर


११. ऋणीको पुरा नाम : भगवती वस्नेत
ना.प्र.नं./जारी जिल्ला : १११८७ बारा
सदस्यता नं. ४३.१४४.०१.२
कर्जा नं. १०६३ व्यवसायिक कर्जा,८४५ मौसमी
पति/वुवाको नाम : कृति बहादुर वस्नेत
ससुरा/बाजेको नाम :गोकुल बहादुर वस्नेत
ठेगाना : जीतपुर सिमरा-२, सिमरा, बारा
कर्जाको उदेश्य :गाई पालन
साक्षी/जमानत दिने व्यक्तिको नाम :कृति बहादुर वस्नेत
नाता/सम्बन्ध :श्रीमान
शाखा कार्यालय : शाखा कार्यालय जीतपुर


१२. ऋणीको पुरा नाम : रोशनी परियार
ना.प्र.नं./जारी जिल्ला :३३२१०१/४७४१९ बारा
सदस्यता नं. ४३.१४४.०३.३
कर्जा नं. :
पति/वुवाको नाम : शुसिल परियार
ससुरा/बाजेको नाम : भिमसेन परियार
ठेगाना : जीतपुर सिमरा-२, सिमरा, बारा
कर्जाको उदेश्य : खेती
साक्षी/जमानत दिने व्यक्तिको नाम : शुसिल परियार
नाता/सम्बन्ध :श्रीमान
शाखा कार्यालय : शाखा कार्यालय जीतपुर्


१३. ऋणीको पुरा नाम : यसोधा पोखरेल
ना.प्र.नं./जारी जिल्ला : ३३३०८१/५५२ बारा
सदस्यता नं. ४३.१४८.०२.४
कर्जा नं. :२२६४ व्यवसायिक कर्जा
पति/वुवाको नाम : कृष्ण हरी पोखरेल
ससुरा/बाजेको नाम : निल प्रसाद
ठेगाना : जीतपुर सिमरा-२, सिमरा, बारा
कर्जाको उदेश्य : तरकारी खेती
साक्षी/जमानत दिने व्यक्तिको नाम : कृष्ण हरी पोखरेल
नाता/सम्बन्ध :श्रीमान
शाखा कार्यालय : शाखा कार्यालय जीतपुर


१४. ऋणीको पुरा नाम : लक्ष्मीनीया देवी गोढी
ना.प्र.नं./जारी जिल्ला : ३३३०७९/५३२
सदस्यता नं.४३. ०८९.०४.७
कर्जा नं. :६९४ मौसमी,१०८६ विशेष,१९११ व्यवसायिक कर्जा
पति/वुवाको नाम : राजेन्द्र सहनी गोढी
ससुरा/बाजेको नाम : सहदेव सहनी
ठेगाना : जीतपुर सिमरा-५, बकुलिया, बारा
कर्जाको उदेश्य : ढुवनी सेवा
साक्षी/जमानत दिने व्यक्तिको नाम :राजेन्द्र सहनी गोढी
नाता/सम्बन्ध :श्रीमान
शाखा कार्यालय : शाखा कार्यालय जीतपुर


१५. ऋणीको पुरा नाम : सितमीया कुमारी नटिन
ना.प्र.नं./जारी जिल्ला : १५/६८० रौतहट
सदस्यता नं. ४३.०१०.०१.२
कर्जा नं. : १०५ व्यवसायिक कर्जा
पति/वुवाको नाम : खलिल मिया
ससुरा/बाजेको नाम : राधा मिया
ठेगाना : बिरगंज-३२, परसवा, पर्सा
कर्जाको उदेश्य : पशु व्यापार
साक्षी/जमानत दिने व्यक्तिको नाम : खलिल मिया
नाता/सम्बन्ध :श्रीमान
शाखा कार्यालय : शाखा कार्यालय जीतपुर


१६. ऋणीको पुरा नाम : समिमा खातुन
ना.प्र.नं./जारी जिल्ला : ३४१०२५/२३
सदस्यता नं. ४३.०१०.०२.४
कर्जा नं. :९७ व्यवसायिक कर्जा
पति/वुवाको नाम : मोसाहेव मिया नेटुवा
ससुरा/बाजेको नाम : छोटेलाल नेटुवा
ठेगाना : बिरगंज-३२,परसवा,पर्सा
कर्जाको उदेश्य : पशु व्यापार
साक्षी/जमानत दिने व्यक्तिको नाम : मोसाहेव मिया नेटुवा
नाता/सम्बन्ध :श्रीमान
शाखा कार्यालय : शाखा कार्यालय जीतपुर


१७. ऋणीको पुरा नाम : होम कुमारी थपलिया
ना.प्र.नं./जारी जिल्ला :७९५/२२७ बारा
सदस्यता नं. ४३.११२.४.३
कर्जा नं. :१३४८ व्यवसायिक कर्जा
पति/वुवाको नाम : भैरव प्रसाद थपलिया
ससुरा/बाजेको नाम : तिर्थराज थपलिया
ठेगाना : जीतपुर सिमरा-२,सिमरा,बारा
कर्जाको उदेश्य :हार्डवेयर पसल
साक्षी/जमानत दिने व्यक्तिको नाम : भैरव प्रसाद थपलिया
नाता/सम्बन्ध :श्रीमान
शाखा कार्यालय : शाखा कार्यालय जीतपुर


१८. ऋणीको पुरा नाम : इन्दिरा लामा
ना.प्र.नं./जारी जिल्ला :२७१०५२/७२६६९ काठमाण्डौ
सदस्यता नं. ४३.११२.२.४
कर्जा नं. :१७५९ व्यवसायिक कर्जा
पति/वुवाको नाम : अनिल राना मगर
ससुरा/बाजेको नाम : वल वहादुर राना मगर
ठेगाना : जीतपुर सिमरा-२,सिमरा,बारा
कर्जाको उदेश्य :ढुवानी सेवा
साक्षी/जमानत दिने व्यक्तिको नाम : अनिल राना मगर
नाता/सम्बन्ध :श्रीमान
शाखा कार्यालय : शाखा कार्यालय जीतपुर


१९. ऋणीको पुरा नाम : लक्ष्मी तामाङ्ग
ना.प्र.नं./जारी जिल्ला :९६०८ मकवानपुर
सदस्यता नं. ४३.११२.४.१
कर्जा नं. १७४५ व्यसायिक कर्जा,१०७० मौसमी कर्जा
पति/वुवाको नाम : टेक वहादुर तामाङ्ग
ससुरा/बाजेको नाम : श्याम वहादुर तामाङ्ग
ठेगाना : जीतपुर सिमरा-२,सिमरा,बारा
कर्जाको उदेश्य :कुखुरा पालन
साक्षी/जमानत दिने व्यक्तिको नाम : टेक वहादुर तामाङ्ग
नाता/सम्बन्ध :श्रीमान
शाखा कार्यालय : शाखा कार्यालय जीतपुर


२०. ऋणीको पुरा नाम : कमला लामा (तामाङ्ग)
ना.प्र.नं./जारी जिल्ला :२०९८६ बारा
सदस्यता नं. ४३.११२.३.४
कर्जा नं. :१७४४ व्यवसायिक कर्जा
पति/वुवाको नाम : तिर्थ वहादुर तामाङ्ग
ससुरा/बाजेको नाम : तुलाराम तामाङ्ग
ठेगाना : जीतपुर सिमरा-२,सिमरा,बारा
कर्जाको उदेश्य :होटल व्यवसाय
साक्षी/जमानत दिने व्यक्तिको नाम : तिर्थ वहादुर तामाङ्ग
नाता/सम्बन्ध :श्रीमान
शाखा कार्यालय : शाखा कार्यालय जीतपुर

### उपशाखा कार्यालय गादी :


२१. ऋणीको पुरा नाम : नुरजहान खातुन
ना.प्र.नं./जारी जील्ला :३४३०२६/२१८/पर्सा
सदस्यता नं. :४३.१८१.०१.३
कर्जा नं. :१५०३BL
पति/वुवाको नाम : अलि अख्तर मिया अंसारी
ससुरा/बाजेको नाम : घुटनी मिया अंसारी
ठेगाना : देउरवाना-८, हाल सखुवाप्रसौनी-४, पर्सा
कर्जाको उदेश्य : माछा पालन
साक्षी/जमानत दिने व्यक्तिको नाम : अलि अख्तर मिया मंसुरी
नाता/सम्बन्ध : ससुरा
शाखा कार्यालय : उपशाखा कार्यालय गादी


२२. ऋणीको पुरा नाम : सुनैना देबी
ना.प्र.नं./जारी जील्ला : ४०९/पर्सा
सदस्यता नं. :४३.१६९.०३.५
कर्जा नं. :१६०२SL
पति/वुवाको नाम : महेश सहनी मलाह
ससुरा/बाजेको नाम : बिहारी सहनी मलाह
ठेगाना : सोनवषा-८ हाल पटेर्वासुगौली-३, पर्सा
कर्जाको उदेश्य : धान खेती
साक्षी/जमानत दिने व्यक्तिको नाम : महेश सहनी मलाह
नाता/सम्बन्ध : श्रीमान्
शाखा कार्यालय : उपशाखा कार्यालय गादी


२३. ऋणीको पुरा नाम : रिना देबी
ना.प्र.नं./जारी जील्ला ३४३०७४/२९७/पर्सा
सदस्यता नं. :४३.१६९.०४.१
कर्जा नं. :३९SL
पति/वुवाको नाम : आदेश साह कानु
ससुरा/बाजेको नाम : इनर साह कानु
ठेगाना : सोनवषा-६ हाल पटेर्वासुगौली-३, पर्सा
कर्जाको उदेश्य : खेती
साक्षी/जमानत दिने व्यक्तिको नाम : आदेश साह कानु
नाता/सम्बन्ध : श्रीमान्
शाखा कार्यालय : उपशाखा कार्यालय गादी


२४. ऋणीको पुरा नाम : कुन्ती देबी मलाहीन
ना.प्र.नं./जारी जील्ला :३४८९९११८४७/पर्सा
सदस्यता नं. :४३.१६९.०१.५
कर्जा नं. :१०५१BL
पति/वुवाको नाम : राजवदन सहनी
ससुरा/बाजेको नाम : नथुनी सहनी
ठेगाना : सोनवषा-५ हाल पटेर्वासुगौली-३, पर्सा
कर्जाको उदेश्य : खेती
साक्षी/जमानत दिने व्यक्तिको नाम : राधिका देबी
नाता/सम्बन्ध : बुहारी
शाखा कार्यालय : उपशाखा कार्यालय गादी


२५. ऋणीको पुरा नाम : सफायतुन नेशा खातुन
ना.प्र.नं./जारी जील्ला २४७६२११०/पर्सा
सदस्यता नं. :४३.१८१.०४.२
कर्जा नं. :६९७BL, १२४५SL
पति/वुवाको नाम : महम्मद मिया अंसारी
ससुरा/बाजेको नाम : ईस महम्मद मिया
ठेगाना : देउरबाना-९ हाल सखुवाप्रसौनी-४, पर्सा
कर्जाको उदेश्य : कपडा व्यपार
साक्षी/जमानत दिने व्यक्तिको नाम : महम्मद आलिम
नाता/सम्बन्ध : बुबा
शाखा कार्यालय : उपशाखा कार्यालय गादी


२६. ऋणीको पुरा नाम : बबिता देबी
ना.प्र.नं./जारी जील्ला ३४१०२६/४१४/पर्सा
सदस्यता नं. :४३.१८४.०१.२
कर्जा नं. :१२५BL, १४२८SL
पति/वुवाको नाम : रामु साह कानु
ससुरा/बाजेको नाम : आशादेव साह कानु
ठेगाना : देउरबाना-७ हाल सखुवाप्रसौनी-४, पर्सा
कर्जाको उदेश्य : होटेल व्यवसाय
साक्षी/जमानत दिने व्यक्तिको नाम : रामु साह कानु
नाता/सम्बन्ध : श्रीमान्
शाखा कार्यालय : उपशाखा कार्यालय गादी


२७. ऋणीको पुरा नाम : तज बुन नेसा
ना.प्र.नं./जारी जील्ला ३४३०२६/४४५/पर्सा
सदस्यता नं. :४३.१८१.०२.१
कर्जा नं. :१५०२BL, ६९SL
पति/वुवाको नाम : फुल सरीफ अंसारी
ससुरा/बाजेको नाम : जफर मिया अंसारी
ठेगाना : देउरवाना-९ हाल सखुवाप्रसौनी-४, पर्सा
कर्जाको उदेश्य : माछा पालन
साक्षी/जमानत दिने व्यक्तिको नाम : फिरोज अंसारी,/फुल सरीफ अंसारी
नाता/सम्बन्ध : भाई/श्रीमान्
शाखा कार्यालय : उपशाखा कार्यालय गादी


२८. ऋणीको पुरा नाम : रोबैदा खातुन
ना.प्र.नं./जारी जील्ला :३४-०१-७५-०४७२४/पर्सा
सदस्यता नं. :८७.२२३.०२.१
कर्जा नं. :१३४BL
पति/वुवाको नाम : जालिम मिया
ससुरा/बाजेको नाम : फते महम्मद मिया
ठेगाना : धोबिनी-७ हाल धोबिनी-५, पर्सा
कर्जाको उदेश्य :धान खेती
साक्षी/जमानत दिने व्यक्तिको नाम : जालिम मिया
नाता/सम्बन्ध : श्रीमान्
शाखा कार्यालय : उपशाखा कार्यालय गादी


२९. ऋणीको पुरा नाम : प्रतिमा देबी
ना.प्र.नं./जारी जील्ला ३४-०१-७२-०४९५३/पर्सा
सदस्यता नं. :८७.१९७.०२.१
कर्जा नं. :६९२द्यी, ११४६SL
पति/वुवाको नाम : उमेश हजरा दुसाद
ससुरा/बाजेको नाम : जुलुम हजरा दुसाद
ठेगाना :बागेश्वरी तित्रौना-४ हाल सखुवाप्रसौनी-७, पर्सा
कर्जाको उदेश्य : सुर्ति खेती तथा भैसी पालन
साक्षी/जमानत दिने व्यक्तिको नाम : उमेश हजरा दुसाद
नाता/सम्बन्ध : श्रीमान्
शाखा कार्यालय : उपशाखा कार्यालय गादी


३०. ऋणीको पुरा नाम : लक्ष्मी देबी
ना.प्र.नं./जारी जील्ला ३४१०७४/६४१/पर्सा
सदस्यता नं. :४३.१५९.०१.३
कर्जा नं. :१३१BL
पति/वुवाको नाम : रामचन्द्र धामी
ससुरा/बाजेको नाम : जग धामी थारु
ठेगाना : सोनवर्षा-९ हाल पटेर्वासुगौली-३, पर्सा
कर्जाको उदेश्य : किराना पसल
साक्षी/जमानत दिने व्यक्तिको नाम : रामचन्द्र धामी
नाता/सम्बन्ध : श्रीमान्
शाखा कार्यालय : उपशाखा कार्यालय गादी


३१. ऋणीको पुरा नाम : चन्द्रावती देबी
ना.प्र.नं./जारी जील्ला :३४-०१-७३-०६३६७/पर्सा
सदस्यता नं. :४३.१५९.०१.१
कर्जा नं. :१२३BL
पति/वुवाको नाम : रामचन्द्र महतो थारु
ससुरा/बाजेको नाम : तुल्सी महतो थारु
ठेगाना : गादी-८ हाल पटेर्वासुगौली-२, पर्सा
कर्जाको उदेश्य :सुर्ती खेती
साक्षी/जमानत दिने व्यक्तिको नाम : रामचन्द्र महतो थारु
नाता/सम्बन्ध : श्रीमान्
शाखा कार्यालय : उपशाखा कार्यालय गादी


३२. ऋणीको पुरा नाम : चन्द्रमाया घिमिरे
ना.प्र.नं./जारी जील्ला ८११६१७६२/पर्सा
सदस्यता नं. :४३.१७९.०२.१
कर्जा नं. :६४०BL, १०४२SL
पति/वुवाको नाम : मान बहादुर घिमिरे
ससुरा/बाजेको नाम : खडानन्द घिमिरे
ठेगाना :सखुवाप्रसौनी-६ हाल सखुवाप्रसौनी-२, पर्सा
कर्जाको उदेश्य : सुर्ति खेती
साक्षी/जमानत दिने व्यक्तिको नाम : मान बहादुर घिमिरे/युवराज घिमिरे
नाता/सम्बन्ध : श्रीमान्/छोरा
शाखा कार्यालय : उपशाखा कार्यालय गादी


३३. ऋणीको पुरा नाम : तेतरी देबी थरुनी
ना.प्र.नं./जारी जील्ला ३४१०६०/७२३/पर्सा
सदस्यता नं. :४३.१६०.१.२
कर्जा नं. : ११३BL, १५७३SL
पति/वुवाको नाम : उमा शंकर प्र. दास थारु
ससुरा/बाजेको नाम : जय नरायण दास थारु
ठेगाना : पटेर्वासुगौली -७ हाल पटेर्वासुगौली-४, पर्सा
कर्जाको उदेश्य : सुर्ति खेती
साक्षी/जमानत दिने व्यक्तिको नाम : उमा शंकर प्र. दास थारु
नाता/सम्बन्ध : श्रीमान्
शाखा कार्यालय : उपशाखा कार्यालय गादी


३४. ऋणीको पुरा नाम : माया ज्योती देबी
ना.प्र.नं./जारी जील्ला ३४-०१-७३-०६२२८/पर्सा
सदस्यता नं. :४३.१७९.०२.५
कर्जा नं. :१३४२ BL
पति/वुवाको नाम : राजकपुर खाँ थारु
ससुरा/बाजेको नाम : ब्रहमदेव खाँ थारु
ठेगाना : सखुवाप्रसौनी-६, हाल सखुवाप्रसौनी गा.पा.-२, पर्सा
कर्जाको उदेश्य : किराना पसल
साक्षी/जमानत दिने व्यक्तिको नाम : राजकपुर खाँ थारु
नाता/सम्बन्ध : श्रीमान्
शाखा कार्यालय : उपशाखा कार्यालय गादी


३५. ऋणीको पुरा नाम : रबेया खातुन
ना.प्र.नं./जारी जील्ला :३४३०२६/२१४/पर्सा
सदस्यता नं. :४३.१८१.०३.१
कर्जा नं. :१५०३BL, ६६SL
पति/वुवाको नाम : फुल सरिफ अंसारी
ससुरा/बाजेको नाम : अदालत मिया
ठेगाना : देउरवाना-८, हाल सखुवाप्रसौनी-४, पर्सा
कर्जाको उदेश्य : माछा पालन
साक्षी/जमानत दिने व्यक्तिको नाम : अलि अख्तर मिया मंसुरी
नाता/सम्बन्ध : ससुरा
शाखा कार्यालय : उपशाखा कार्यालय गादी


३६. ऋणीको पुरा नाम : हेवन्ती देबी थरुनी
ना.प्र.नं./जारी जील्ला ८९९१२३४३/पर्सा
सदस्यता नं. :४३.१६५.०१.१
कर्जा नं. :३८८BL
पति/वुवाको नाम : कमलेश महतो
ससुरा/बाजेको नाम : ठाकुर खाँ थारु
ठेगाना : सोनवर्षा-९ हाल पटेर्वासुगौली-३, पर्सा
कर्जाको उदेश्य : बाख्रा पालन
साक्षी/जमानत दिने व्यक्तिको नाम : कमलेश महता
नाता/सम्बन्ध : श्रीमान
शाखा कार्यालय : उपशाखा कार्यालय गादी

(बाँकी पृष्ठ ७ मा)

# अत्यधिक वर्षाले किसानलाई नोक्सानी

गलकोट । अत्यधिक वर्षाले यहाँका किसानलाई नोक्सानी भएको छ । लगातारको वर्षाले बागलुङमा पाक्नै लागेको धानबाली हावाहुरीले ढलाएर तथा पानीले भिजाएर क्षति पुऱ्याएको छ ।




कृषि ज्ञान केन्द्र बागलुङका अनुसार बागलुङको केही धानबाली हुने स्थानमा धान ढलेको छ भने बाढीले कागती र किबीखेतीमा समेत क्षति पुऱ्याएको छ । यस वर्ष छ हजार हेक्टर क्षेत्रफलमा धानखेती गरिएको थियो । धान उत्पादन घट्ने कृषि ज्ञान केन्द्रका प्रमुख भानुभक्त भट्टराईले बताउनुभयो । "हामीले सबै पालिकामा लगातारको वर्षाले पुऱ्याएको क्षतिको विवरण सङ्कलन गर्न भनेका छौँ, कृषि मन्त्रालयले समेत क्षतिको विवरण पठाउन ताकेता गरेको छ", उहाँले भन्नुभयो, "हालसम्म निसीखोलाको कागती र किबीखेतीमा क्षति पुऱ्याएको छ भने राम्रो धानबाली हुने क्षेत्रमा केही धान ढलेको पाइएको छ ।"

निसीखोला गाउँपालिका-४ स्थित तुलसीराम रेग्मीको किबी फार्ममा बाढी पसेर क्षति पुऱ्याएको छ भने निसीखोलाकै रमिलाल क्षेत्रीको कागतीको बगैँचा बगाएको छ । जैमिनी नगरपालिका, बरेङ गाउँपालिका, गलकोट नगरपालिका र बागलुङ नगरपालिकाका केही क्षेत्रमा धानबाली पानीले ढलाएको छ ।

अत्यधिक वर्षाका कारण धानबाली ढलेको कृषकले बताएका छन् । बागलुङको दक्षिणि क्षेत्र जैमिनी नगरपालिका र बरेङ गाउँपालिकामा लगातार परेको वर्षाका कारण हिउँदे बालीमा क्षति पुऱ्याएको छ । बाला पसाउन लागेको धान र कोदोबाली तथा तरकारी बालीमा नोक्सानी पुऱ्याएको जैमिनी-१० किटेनीका नरबहादुर छन्त्यालले बताउनुभयो ।

बागलुङमा गत वर्ष पाँच हजार आठ सय ५० हेक्टर जमिनमा धानखेती गरिएको थियो भने यो वर्ष छ हजार हेक्टर जमिनमा धानखेती गरिएको छ ।

**ठूलोगाउँका छ घर उच्च जोखिममा**

निरन्तरकोवर्षाकाकारणपहिरो जाँदा काठेखोला गाउँपालिका-४ तङ्ग्रामको ठूलोगाउँका छ घर उच्च जोखिममा परेका छन् । गत असारबाट जान थालेको पहिरो अहिलेसम्म नरोकिँदा घर छाडेर हिँड्नुपर्ने अवस्थामा आएको ठूलोगाउँका स्थानीयवासीले बताए ।

स्थानीय जङ्गबहादुर दर्जी, प्रेम दर्जी र कुमार दर्जीसहित छ परिवारको घर पहिराको उच्च जोखिममा परेको छ । घरभन्दा एक सय मिटर तलबाट निरन्तररूपमा जमिन चिरा-चिरा परेर घरसम्मै पहिरो जाँदा स्थानीय विस्थापित हुने चिन्ता बढेको जङ्गबहादुरले बताउनुभयो ।

"असारमा अलि-अलि चर्केको थियो, अहिलेको बेमौसमी वर्षाका कारण जमिन छियाछिया बनेको छ, घरमा पकाउने खानेमात्रै हो सुत्ने र लत्ताकपडा छिमेकीको घरमा लगेर राखेका छौँ", दर्जीले भन्नुभयो, "घर तल सडक खनेपछि पहिरो बग्न थालेको थियो तर घरसम्मै पहिरो आउँला भन्ने थिएन, वडा कार्यालयले दिएको प्लाष्टिकले पहिरो ढाकेर कति दिन टिक्ला र पहिराले मेरो घरसहित स्थानीय छ परिवारको उठिबास नै लगाउने भयो ।"

घरमात्रै नभएर नवनिर्मित पदमार्गसमेत भासिन थालेको स्थानीयवासीले बताएका छन् । पहिरो रोकथामका लागि प्लाष्टिकले ढाक्ने व्यवस्था मिलाइएको भए पनि यहाँ पहिराका कारण घर विस्थापित हुने अवस्थामा पुगेको काठेखोला गाउँपालिका-४ तङ्ग्रामका वडाध्यक्ष लक्ष्मण पुनले जानकारी दिनुभयो ।रासस

# बलेवामा धान काट्ने र न्वागी खाने आठारौँ शताब्दीको परम्परा

बलेवा । बागलुङको बलेवा क्षेत्रका किसानले खेतमा लगाएको धान काट्ने पहिलो दिन आगामी कात्तिक ४ गतेका लागि तोकिएको छ । बलेवा भूमेकोटअन्तर्गत सबै वडाका खेतमा लगाइएको धान काट्ने समय तोकिएको हो । स्थानीय भाषामा पुली र संस्कृत भाषामा धान्य छेदन भनिने यो परम्परा जिल्लाको बलेवा क्षेत्रका लागि हो । स्थानीय जातको गुडुरा धान काट्न आउँदो कात्तिक ४ गते बिहान ९ बजेलाई शुभ दिन तोकिएको छ ।



पुली लिने भनिने यस दिनलाई यहाँका स्थानीयले एक पर्वकै रूपमा मनाउने गरेका छन् । बागलुङ नगरपालिका-१३ पैयुँपाटाका ज्योतिषी लेखनाथ पौडेल र सुवासचन्द्र पौडेलले ज्योतिषशास्त्रका आधारमा धान काट्ने दिन अर्थात् धान्य छेदनका लागि कात्तिक ४ गते शुभमुहुर्त तोक्नुभएको हो । अघिल्ला वर्षहरूमा पनि ज्योतिषी पौडेलको नेतृत्वमा एवं अमलाचौरका ज्योतिषी रामकृष्ण पाठक, विष्णुप्रसाद पाठक र विष्णुप्रसाद पौडेलेको परामर्शमा यी दिनहरू तोक्ने गरिन्थ्यो ।

दसैँको महानवमीका दिन बलेवा कोटभैरवस्थित कोटघरमा आयोजना हुने एक विशेष समारोहका बीच पुली लिने र नयाँ धानको चामल प्रयोग गर्ने पहिलो दिन अर्थात् न्वागी खाने दिनसमेत तोक्ने गरिन्छ । कात्तिक १९ गते बिहान ९ बजे नयाँ धानको चामल खाने अर्थात् न्वागी खाने उत्तम समय रहेको पनि सोही दिन तोकिएको छ ।

महानवमीका दिन नवदुर्गाको विशेष पूजाका साथै बलेवा कालभैरवको मन्दिरमा मेलाका लागि जम्मा हुने सर्वसाधारणलाई भैरवस्थानका पण्डित तथा ज्योतिषीले गरेको निर्णय कोटभैरव गुठी व्यवस्थापन समितिले जानकारी गराउने परम्परा छ । यहाँका किसानले आफ्नै खेतमा लगाएको धान काट्न पनि यो १८औँ शताब्दीको सांस्कृतिक परम्परालाई निरन्तरता दिँदै आएका छन् । महानवमीका दिन नयाँ धान काट्ने र न्वागी खाने दिनको शुभ मुहूर्त सार्वजनिक गरिन्छ र बलेवालीहरूले पनि तिनै दिनहरूमा उक्त कार्य गर्ने गर्दछन् ।

यहाँका अमलाचौर, पैयूँपाटा, नारायणस्थानसहितका साविकका छवटा गाउँ विकास समितिलाई १८औँ शताब्दीमा बलेवा राज्य मानिन्थ्यो । बलेवा कोटले छवटै गाविसका किसानलाई धान काट्ने र नयाँ चामल खाने दिन तोक्ने चलन चलेको र त्यसैलाई निरन्तरता दिँदै आइएको छ । बलेवामा बाइसे-चौबीसे राजाका पालामा विसं १८४२ मा बलेवा कालभैरव स्थापना गरिएको इतिहासका अध्येता डा आरुणी आचार्यको खोजमा भेटिन्छ । त्यसयतादेखिको यो परम्परा अहिलेसम्म पनि बलेवा क्षेत्रमा कायम रहेको छ ।

"आफूले करिब छ दशकअघिदेखि यो धान्य छेदन र नवान्न प्रासानको मिति कोटले तोक्ने चलन रहेको", बताउनुहुन्छ बागलुङ नगरपालिका वडा नं १२ का पूर्व वडाध्यक्ष गुरुदत्त पाठक । उहाँ भन्नहुन्छ, "अहिले पनि यहाँका छवटै गाविसका पाका पुराना एवं जानकारहरू जम्मा भएर ज्योतिषीय परामर्शमा मिति तोकिन्छ र यी मितिलाई यहाँका स्थानीयले एक महत्वपूर्ण सूचनाका रूपमा ग्रहण गर्ने गर्दछन् ।"

तर पाठक भने बलेवाकोटको स्थापना विसं १७८० मा नै भएको आफूले पाएको उहाँ बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "यस विषयको लिखत त हामीले भेटेका छैनौँ, मन्दिरमा पनि यसको लिखत भेटिँदैन । तर हामीले यस मन्दिर स्थापनाका बारेमा गरेको खोज र पाका पुरानाहरूसँगको परामर्शमा यो मन्दिरको स्थापना विसं १७८० मा भएको पाएका छौँ ।" विसं १७८० भदौको पहिलो मङ्गलबार यसै स्थानमा मन्दिर स्थापना गरी हरेलो गरिएको र त्यसै दिनदेखि मङ्गलबार नै भैरवस्थानमा पूजा गर्ने प्रचलन सुरु भएको अहिलेसम्मको खोजबाट भेटिएको उहाँको भनाइ छ ।

बलेवा कोटभैरवमा पुली दिने र न्वागी खाने दिन तोक्ने काम त्योभन्दा पनि अघिबाटै हुने गरेको आफूले पाएको अमलाचौरका स्थानीय ज्योतिषी विष्णुप्रसाद पाठक बताउनुहुन्छ । उहाँले आफ्ना जिज्यूबाजे राछुदेव पाठक यही कोट भैरवमा गएर शुभ मुहूर्त हेरेर न्वागी, पुलीका दिन खुट्याउने प्रचलनको सुरुआत गरेको उहाँको भनाइ छ । त्यस समयको बलेवा राज्यका प्रमुखले आफूले लगाएका खेती भित्र्याउने तथा नयाँ अन्न खाने दिनको सुरुआत गर्ने दिनका लागि ज्योतिषी खोज्ने क्रममा मन्दिरको नजिकै रहेका आफ्ना पुर्खाहरूले सो कार्यको थालनी गरेका पाठक बताउनुहुन्छ ।

उहाँका अनुसार राछुदेव पाठकका छोरा शिवै पाठक, उहाँका छोरा वैदु, उहाँका छोरा जग्गुबल्लभ र जग्गुबल्लभका छोरा घनश्याम तथा घनश्यामका छोरा दयारामसम्मका आफ्ना पुस्ताले कोटमा गएर अन्य पाठपूजाका साथै ती कार्यका मुहूर्त हेर्ने गरेको आफूलाई आफ्ना हजुबुवाले सुनाएको बताउनुहुन्छ । आफ्ना जेठाबुवा ज्योतिषी दयाराम पाठकसँगै आफू पनि सो कार्यमा संलग्न हुँदै आएको र आफ्ना पाँच पुस्ताअघिका पुर्खाहरू नै यस कार्यमा संलग्न भएका आफ्नो अनुसन्धानबाट प्राप्त भएको ज्योतिषी विष्णुप्रसाद पाठकको भनाइ छ । विष्णुप्रसादका हजुरबुबा घनश्याम र जेठाबुवा दयारामले त्यतिबेलासम्म बलेवा क्षेत्रको कोटमा आएर सल्लाह दिने चलन रहेको र दयारामपछि भने कोटमा अन्य क्षेत्रबाट पनि ज्योतिषीहरू बलेवा कोट भैरवमा गई यस परम्पराको निरन्तरता दिने गरेको भनाइ छ ।

यहाँ कोटले तोकेको दिन पुली नलिने र न्वागी नखानेहरू निकै कम छन् । पुली लिएपछि मात्रै धान काट्ने र न्वागी खाएपछि मात्रै नयाँ चामलको प्रयोग गर्ने प्रचलनलाई यहाँका स्थानीय किसानले मान्यता दिँदै आएका छन् । स्थानीय ९४ वर्षीय ज्योतिषी रामकृष्ण पाठक कोटले तोकेका दिन सबैले मान्ने गरेका बताउनुहुन्छ । यी दिनहरूको पालना नगर्नेलाई समाजले पनि राम्रो मान्दैन र आफूले लगाएको नयाँ खेती भित्र्याउने शुभदिनको खोजीमा जो-कोही पनि हुने गरेका र वैदिक विधि नपुऱ्याई धान काट्ने र नयाँ चामल खाँदा प्राकृतिक प्रकोपहरूको सामना गर्नुपर्ने विश्वास रहिआएकाले ज्योतिषीहरू बसेर निकालेको यही शुभ मुहूर्तमै धान काट्ने र न्वागी खाने परम्परा निरन्तर रहेको उहाँको अनुभव छ ।

पहिले-पहिले पुली र न्वागी स्थानीय जातको धानमा मात्रै लागू हुने गरेको भए पनि पछिल्लो समय विकासे हाइब्रिड धान लगाएका किसानले समेत सोही संस्कृति पछ्याइरहेका ज्योतिषी लेखनाथ पौडेल बताउहुनुहन्छ ।रासस

# नेपालको कवाडी बजारमा भारतीय नागरिक

बेलबारी । भारतको विहार बर्गिनिया घर भएका ब्रह्मदेव पासवान विगत १० वर्षदेखि नेपालका विभिन्न भागमा पुराना कागज तथा धातुजन्य कवाडी समान सङ्कलन गरिरहनुभएको छ ।


फोहोरबाट मोहोर कमाउन पासवान जस्तै थुप्रै भारतीय कवाडी सामान सङ्कलन गरिरहेका भेटिन्छन् ।

मोरङको सुन्दरहरैचा नगरपालिका क्षेत्रभित्र मात्रै दर्जनभन्दा धेरै कवाडी सङ्कलन केन्द्र रहेका छन् । सुनसरी इनरुवाका सञ्जय चौधरीको आरके कवाडी पसलमा छ कवाडी सङ्कलक रहेका छन् । उक्त कवाडी पसलका व्यवस्थापक भारत विहारकै समी जैसवाल हुनुहुन्छ । सङ्कलकहरुले गाउँसहरका विभिन्न भागबाट सङ्कलन गरी ल्याएको कागज प्रतिकिलो रु २०, धातुजन्य सामान प्रतिकिलो रु ५५, गाडीका पुराना टायर रु दुई सय देखि पाँच सयसम्म र सिसाको बोतलप्रति ओटा डेढदेखि दुई रुपैयाँसम्ममा खरिद बिक्री गर्छन् ।

यस्ता सामग्री उद्योगमा पुऱ्याएर प्रशोधन गरी पुनः प्रयोगमा ल्याइन्छ । गाउँगाउँमा गएर पुराना सामान सङ्कलन गर्ने व्यक्ति नेपालमा पाउनै मुस्किल भएको जैसवाल बताउनुहुन्छ ।

राम्रो आम्दानी भए पनि यो पेसामा नेपालीको आकर्षण देखिँदैन । भारत विहार घर भएका राकेश जैसवालका अनुसार बिहानैदेखि राम्ररी साइकलमा गाउँ घुम्दा रु दुई हजार पाँच सयसम्म आम्दानी हुन्छ । यही पेसाले आफ्नो परिवार चलेको जैसवाल बताउनुहुन्छ ।रासस

# ब्रोडब्याण्ड इन्टरनेट जडान द्रुत गतिमा



काठमाण्डु । नेपाल दूरसञ्चार प्राधिकरणले ग्रामीण दूरसञ्चार विकास कोष परियोजना परिचालन गरी ब्रोडब्याण्ड सेवा उपलब्ध गराउने १८ प्याकेजमार्फत ७४ जिल्लाको तोकिएका स्थानमा जडान कार्य सम्पन्न गरिसकेको छ । ती स्थानमा जडानकार्य सम्पन्न भई सेवा सञ्चालनमा आएको छ ।

प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलका अनुसार सम्पन्न भएकामध्ये हालसम्म १० परियोजनाको अनुगमन तथा परीक्षणको काम सम्पन्न भइसकेको छ ।

आठवटा परियोजनाको तेस्रो चरणअन्तर्गतको अनुगमन तथा परीक्षणको काम बाँकी छ । त्यसैगरी सोही कोष परिचालन गरी भूकम्पबाट अति प्रभावित आठ जिल्ला ( काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, दोलखा, सिन्धुली, रामेछाप र ओखलढुङ्गा) मा ब्रोडब्याण्ड इन्टरनेट जडान गर्ने प्रक्रिया अगाडि बढिसकेको प्रवक्ता पौडेलको भनाइ छ । त्यसका लागि हालसम्म कुल ७६ मध्ये ७३ गाउँपालिका/नगरपालिकासँग समझदारीपत्रका हस्ताक्षर भएको छ ।

आठ जिल्लाका सबै स्थानीय तहका कार्यालय, वडा कार्यालय, सामुदायिक माध्यमिक विद्यालय, सामुदायिक स्वास्थ्य संस्थामा क्षमता अभिवृद्धि गर्न र सम्पूर्ण आधारभूत विद्यालयमा गरी करिब चार हजार दुई सय ५१ स्थानमा कम्तीमा २० एमबिपीएस क्षमताको ब्रोडब्याण्ड इन्टरनेट सेवा जडान गर्ने प्राधिकरणको योजना छ । प्राधिकरणले भूकम्प प्रभावित आठ जिल्लाका सार्वजनिक संस्थामा इन्टरनेट जडान गरी दुई वर्षसम्मका लागि महसुलवापतको रकम उपलब्ध गराउने भएको छ ।

भूकम्पबाट अतिप्रभावित जिल्ला र काठमाडौँ उपत्यकाबाहेकका ६६ जिल्लाका सम्पूर्ण सामुदायिक आधारभूत विद्यालयमा इन्टरनेट सेवा जडान गरी सञ्चालन गर्ने कार्य अघि बढाएकामा हालसम्म कुल छ सय ५६ मध्ये तीन सय २६ स्थानीय तहसँग समझदारीपत्रमा हस्ताक्षर भइसकेको छ ।रासस

# जडीबुटी निकासी नहुँदा व्यवसायी मर्कामा

नेपालगञ्ज । करिब रु ४० करोड बराबरको झन्डै एक हजार टन जडीबुटी भारत निकासी नहुँदा व्यवसायी मर्कामा परेका छन् । भारतीय प्लान्ट क्वारेन्टिइनको सूचीमा दर्ता भएपछि जडीबुटी भारत निर्यात हुने जडीबुटी व्यवसायी सङ्घका केन्द्रीय अध्यक्ष टङ्कप्रसाद शर्माले जानकारी दिनुभयो ।

उहाँका अनुसार इलामदेखि दार्चुलासम्म सङ्कलन भएको विभिन्न प्रकारका जडीबुटी पाकिस्तान र बङ्गलादेशसमेत निर्यात भएको छ । "नेपालबाट जडीबुटी मुख्य निर्यात हुने देश चीन र भारत नै हो", उहाँले भन्नुभयो । खासगरी जटामसी मार्क, अमला, गुर्जोलगायत विभिन्न प्रकारका प्रशोधित जडीबुटी विदेश निर्यात हुने गरेको छ ।

सरकारको नियमानुसार व्यवसायीले जडीबुटी प्रशोधन नगरी बेच्न नपाइने उल्लेख गर्दै सङ्घका केन्द्रीय अध्यक्ष शर्माले सरकारले जडीबुटी निर्यातमा सहजीकरण नगरेको आरोप लगाउनुभयो । यसमा सहजीकरण भए पैसामा देखिएको समस्यासमेत समाधान हुने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

व्यवसायी रवीन्द्रनाथ शुक्लाले आफ्नो मात्रै करिब रु एक करोड बराबरको उत्पादन थन्किएको बताउनुभयो । जडीबुटी व्यवसायी सङ्घका अनुसार बाँकेमा जडीबुटीसम्बन्धी साना र ठूला गरेर १२ उद्योग छन् । गत वर्ष पाँच हजार टन जडीबुटी निर्यात गरेको सङ्घले यस वर्ष हालसम्म दुई हजार टन मात्र जडीबुटी निर्यात गरेको छ । नेपालका विभिन्न जिल्लामा सङ्कलन गरिएको ३० प्रकारको जडीबुटी नेपालगञ्ज ल्याएर भारततर्फ निकासी हुँदै आएकामा भारतले नयाँ नियम देखाएर निकासीमा अवरोध गर्दै आएको जडीबुटी सङ्घका पूर्वाध्यक्ष याकुब अन्सारीले बताउनुभयो । निकासीलाई सहज बनाउने हो भने लक्षित वर्गका किसानले बढीभन्दा बढी रोजगारी पाउने र व्यवसायीलाई समेत लाभ पुग्ने बताइएको छ ।रासस


**Jalwshwar Muicipality**
**Office of the Municipal Executive**
**Jaleshwar, Mahottari**
**Madhesh Province, Nepal**

**Letter of Intent**

**Publication date: 2079/06/25**

**To,**
**M\S Narsingh-Metal Guru JV,**
**Tokha-06, Kathmandu**

**Subject:** Issuance of letter of intent to award the contract(01\SBP\NCB\2079/080)

This is to notify you that, it is our intention to award the contract on 2079/07/01 for execution of the Smart Buspark Construction works(01\SBP\NCB\2079/080) to you as your bid price Nrs. 137,526,612.01 (One Hundred Thirty Seven Million Five Hundred Twenty Six Thousand Six Hundred Twelve Rupees & Paisa one Only) as corrected and modified in accordance with the Instructions to Bidders in hereby selected as substantially responsive lowest evaluated bid.

**Chief Executive Officer**



३७. ऋणीको पुरा नाम : अनिहा देबी
ना.प्र.नं./जारी जील्ला ३४३०२६/१३३/पर्सा
सदस्यता नं. :८७.२२०.०३.३
कर्जा नं. :२८२GL, १४९२SL
पति/वुवाको नाम : शम्भु माझी मुसहर
ससुरा/बाजेको नाम : खुट्टी माझी मुसहर
ठेगाना : देउरबाना-२ हाल सखुवाप्रसौनी-४, पर्सा
कर्जाको उदेश्य : खेती
साक्षी/जमानत दिने व्यक्तिको नाम : शम्भु माझी मुसहर
नाता/सम्बन्ध : श्रीमान्
शाखा कार्यालय : उपशाखा कार्यालय गादी



३८. ऋणीको पुरा नाम : मुनिया देबी काम्करीन
ना.प्र.नं./जारी जील्ला ६६७२/पर्सा
सदस्यता नं. :८७.२०८.०२.३
कर्जा नं. :१३२३BL, ३०७SL
पति/वुवाको नाम : रामदेम राउत काम्कर
ससुरा/बाजेको नाम : मुखा राउत काम्कर
ठेगाना : लखनपुर-४ हाल सखुवाप्रसौनी-६, पर्सा
कर्जाको उदेश्य : भैसी पालन
साक्षी/जमानत दिने व्यक्तिको नाम : रामदेम राउत काम्कर
नाता/सम्बन्ध : श्रीमान्
शाखा कार्यालय : उपशाखा कार्यालय गादी



३९. ऋणीको पुरा नाम : राम कुमारी देबी अहिरीन
ना.प्र.नं./जारी जील्ला :३४१०३६/५३/पर्सा
सदस्यता नं. :४३.१९०.०१.३
कर्जा नं. :१५४९BL
पति/वुवाको नाम : केदार राउत अहिर
ससुरा/बाजेको नाम : जानकी राउत
ठेगाना : हरपुर-६ हाल पर्सागढी-९, पर्सा
कर्जाको उदेश्य :सुर्ती तथा धान खेती
साक्षी/जमानत दिने व्यक्तिको नाम : केदार राउत अहिर
नाता/सम्बन्ध : श्रीमान्
शाखा कार्यालय : उपशाखा कार्यालय गादी



४०. ऋणीको पुरा नाम : हिरामती देबी थरुनी
ना.प्र.नं./जारी जील्ला ३४३०६०/४१४/पर्सा
सदस्यता नं. :४३.१५६.०४.५
कर्जा नं. :२०७ BL
पति/वुवाको नाम : तपेश्वर दास थारु
ससुरा/बाजेको नाम : सन्त दास थारु
ठेगानाः पटेर्वासुगौली-७ हाल पटेवासुगौली गा.पा.-४, पर्सा
कर्जाको उदेश्य : सुर्ति खेती
साक्षी/जमानत दिने व्यक्तिको नाम : तपेश्वर दास थारु
नाता/सम्बन्ध : श्रीमान्
शाखा कार्यालय : उपशाखा कार्यालय गादी



४१. ऋणीको पुरा नाम : सुनैना देबी
ना.प्र.नं./जारी जील्ला ३४३०४४/९९/पर्सा
सदस्यता नं. :८७.२११.०३.२
कर्जा नं. :२६२GL, १६६३SL
पति/वुवाको नाम : रामचन्द्र राउत काम्कर
ससुरा/बाजेको नाम : रामसरुप राउत कामकर
ठेगाना : लखनपुर-९ हाल पर्सागढी-९ , पर्सा
कर्जाको उदेश्य : खेती
साक्षी/जमानत दिने व्यक्तिको नाम : रामचन्द्र राउत काम्कर
नाता/सम्बन्ध : श्रीमान
शाखा कार्यालय : उपशाखा कार्यालय गादी



४२. ऋणीको पुरा नाम : लिलावती देबी
ना.प्र.नं./जारी जील्ला ३४१०७४/३२६/पर्सा
सदस्यता नं. :४३.१८८.०१.२
कर्जा नं. :७६१GL, १३५८SL
पति/वुवाको नाम : मोहान मुखिया
ससुरा/बाजेको नाम : नथुनि मुखिया
ठेगाना : सोनवर्षा-४ हाल पटेर्वासुगौली-३, पर्सा
कर्जाको उदेश्य : गहु खेर्ती
साक्षी/जमानत दिने व्यक्तिको नाम : अनिल मुखिया/राधिका देबी
नाता/सम्बन्ध : छोरा/बुहारी
शाखा कार्यालय : उपशाखा कार्यालय गादी



४३. ऋणीको पुरा नाम : पुनिता देबी
ना.प्र.नं./जारी जील्ला :३४-०१-७३-०९३६७/पर्सा
सदस्यता नं. :४३.१६५.०३.१
कर्जा नं. :१४२२GL, ९६५SL
पति/वुवाको नाम : माहादेव राउत
ससुरा/बाजेको नाम : दिमाकार राउत
ठेगाना : सोनवर्षा-३, हाल पटेर्वासुगौली-२, पर्सा
कर्जाको उदेश्य :धान खेती
साक्षी/जमानत दिने व्यक्तिको नाम : माहादेव राउत
नाता/सम्बन्ध : श्रीमान्
शाखा कार्यालय : उपशाखा कार्यालय गादी



**नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड**
**केन्द्रीय कार्यालय विराटनगर, मोरङ्ग**
**फोन : ०२१-४६२१०१, ४६३०३२**
**Email : info@nerude.org.np, website : www.nerude.org.np**

# पर्सा जसपामा भाडभैलो, आधा दर्जन भन्दा बढी बागी कारवाहीमा

**अनिल तिवारी**

वीरगञ्ज । जनता समाजवादी पार्टी (जसपा) पर्साले दुइ केन्द्रीय सदस्यसहित आधा दर्जन भन्दा बढी नेतालाई कारवाही गरेपछि पार्टीमा भाडभैलो मचेको छ । पार्टीको निर्णय विपरीत स्वतन्त्र उम्मेदवारी दिने ७ जनालाई जसपा जिल्ला कार्य समतिले कारवाही गरेको छ।

जनता समाजवादी पार्टी जिल्ल कार्यसमिति पर्साको बुधबार बसेको बैठकले पार्टीको निर्णय विपरीत प्रदेश सभा निर्वाचनका लागि स्वतन्त्र उम्मेदवारी दिएका सात जनालाई कारवाही गरेको छ।

जिल्ला अध्यक्ष रामनरेश यादवद्वारा जारी गरिएको विज्ञप्तिमा पार्टीको निर्णय विपरीत उम्मेदवारी दिएका सबै नेता कार्यकर्ताहरुलाई साधारण सदस्यसमेत नरहने गरी पार्टीबाट निष्काशन गरिएको उल्लेख गरिएको छ।

पार्टीद्वारा कारवाहीमा पर्नेहरुमा जसपाकी केन्द्रीय सदस्य करिमा बेगम, प्रदेश परिषद् सदस्य शिवकुमार साह, प्रदेश समितिका सदस्य जन्नत अन्सारी, गौरीशंकर साह, नेताहरु प्रमोद जयसवाल, मुकेश द्विवेदी र रुपेशमान सिंह रहेका छन् । रुपेशमान सिंह वीरगञ्ज महानगरपालिका नगर प्रमुख राजेशमान सिहका भतिजा हुन।



पार्टीको केन्द्रीय निर्देशन अनुसार आफ्नो समयमै उम्मेदवारी फिर्ता नलिएकोले आजको मितिबाट पार्टीको साधारण सदस्यसमेत नरहने गरी निष्काशन गरिएको विज्ञप्तिमा उल्लेख छ।

जसपाले नेकपा एमालेसँग गरेको गठबन्धनको निर्णय विपरीत कारवाहीमा परेका सातै जनाले पर्सा जिल्लाको विभिन्न क्षेत्रबाट प्रदेशसभा सदस्य पदमा उम्मेदवारी दिएका छन् । दुइ दिन अघि एमाले र जसपा गठबन्धनको पर्सामा बसेको बैठकले बागी उम्मेदवारहरुलाई उम्मेदवारी फिर्ता लिन निर्देशन दिइएको थियो। तर बागी उम्मेदवारहरुलाई पार्टीको निर्देशनलाई नमाने पछि सबैलाई कारवाही गरिएको जनाइएको छ।

टिकट बितरणमा केन्द्रीय नेतृत्वले गरेको नातावाद, कृपावाद र रकमी लेनदेनको विरोधमै आफूहरुले स्वतन्त्र उम्मेदवारी दिएको युवा नेता मुकेश द्विवेदीले बताए ।उनेल भने-'आफूहरुले पार्टी त्यागेर नै स्वतन्त्र उम्मेदवारी दिएका छौं, त्यो निष्काशनबाट केही फरक पर्ने छैन् ।' पार्टीका केन्द्रीय सदस्य देखि जिल्लाका सक्रिय नेताहरु बागी बनेपछि एमाले र जसपा पर्साको गठबन्धनमा ठूलो अविश्वास उत्पन्न भएको छ। मुख्यरुपमा पर्सा क्षेत्र नम्बर एकका सांसद एवम् वन तथा वातावरण मन्त्री प्रदीप यादवका सुरु देखि प्रतिद्वन्दी रहेका बिचारी यादवको प्रदेश सभा सदस्य क्षेत्रबाट जन्नत अंसारीको उम्मेवारदीले गठबन्धन भन्दा पनि ठगबन्धन भएको आरोप एमालेका नेताहरुको रहेको छ।

# धनुषामा ६ जनाको उम्मेदवारी फिर्ता

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा ६ जनाको उम्मेदवारी फिर्ता भएको छ। बुधबार निर्वाचन कार्यालयमा लिखित रुपमा पत्र बुझाएर उनीहरुले उम्मेदवारी फिर्ता लिएका छन्।

निर्वाचन क्षेत्र १ को 'ख' मा नेपाली कांग्रेसबाट बागी उम्मेदवारी दिएका लक्ष्मीनारायण मण्डल केवटले फिर्ता लिएका छन्। उनले पाँच दलीय गठबन्धन अन्तर्गत लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को भागमा परेको सीटमा बागी भएर उम्मेदवारी दिएका थिए । यहाँ पाँच दलीय गठबन्धनबाट प्रतिनिधिसभामा नेकपा माओवादी केन्द्रबाट मातृका प्रसाद यादव, प्रदेशसभाको 'क' मा नेपाली कांग्रेसका संजय कुमार महतो र 'ख'मा लोसपाका संजय कुमार सिंह उम्मेदवार छन्। एमाले र जसपाको गठबन्धनबाट जसपाका दीपक कार्की प्रतिनिधिसभाको साझा उम्मेदवार छन्।

यस्तै, सोही क्षेत्रको प्रदेशसभा 'ख'बाट पनि दुई जना स्वतन्त्र उम्मेदवारले उम्मेदवारी फिर्ता लिएका छन् । नेत्रदीप लामा र आनन्द मण्डलले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका थिए। तर, बुधबार दुबै जनाले उम्मेदवारी फिर्ता लिएको निर्वाचन अधिकृत उत्तम खरेलले जानकारी दिए। निर्वाचन क्षेत्र ४ मा पनि तीन जनाले उम्मेदवारी फिर्ता लिएका छन् । यी क्षेत्रमा प्रतिनिधिसभाको लागि उम्मेदवारी दर्ता गराएका दुई जना र प्रदेशसभाको लागि 'ख' मा स्वतन्त्र उम्मेदवारी दर्ता गराएका एक जनाले उम्मेदवारी फिर्ता लिएका छन्।

डा. सिके राउत नेतृत्वको जनमत पार्टीबाट प्रतिनिधिसभामा उम्मेदवारी दिएका किसुन यादव र नेपाल सद्भावना पार्टीबाट उम्मेदवारी दिएका राजेन्द्र महतोले उम्मेदवारी फिर्ता लिएको निर्वाचन अधिकृत सुदीप डङ्गोलले जानकारी दिए । उनका अनुसार अव यस क्षेत्रमा यी दुबै पार्टीका उम्मेदवार छैन् । सोही क्षेत्रको प्रदेशसभा 'ख'बाट स्वतन्त्र उम्मेदवारी दिएका रामदुलार महतोले पनि उम्मेदवारी फिर्ता लिएको उनले जनाए।

यहाँ पाँच दलीय गठबन्धनबाट प्रतिनिधिसभामा कांग्रेसका महेन्द्र यादव, प्रदेशसभा 'क' मा शेषनारायण यादव र 'ख'मा नेकपा (एकीकृत समाजवादी)का शत्रुधन महतो उम्मेदवार छन्। यहाँ नेकपा एमाले र जसपाबीच तालमेल हुन सकेको छैन् । एमालेबाट रघुवीर महासेठ र जसपाबाट महाजन यादव प्रतिनिधिसभाका उम्मेदवार छन्।

धनुषाको निर्वाचन क्षेत्र २ र ३ बाट कुनै पनि उम्मेदवारले उम्मेदवारी फिर्ता लिएका छैनन्। धनुषा ३ को 'ख' मा कांग्रेस नेता हरिशंकर साहले बागी उम्मेदवारी दर्ता गराएका छन्। उनले उम्मेदवारी फिर्ता नलिने अडान लिएका छन्। यी सीट पाँच दलीय गठबन्धनले लोसपालाई दिएको छ। यहाँ लोसपाका परमेश्वर साह उम्मेदवार छन्।

पाँच दलीय गठबन्धनबाट प्रतिनिधिसभामा लोसपाका अनिल झा, प्रदेशसभा 'क'मा कांग्रेसका राम सरोज यादव र 'ख'मा लोसपाका परमेश्वर साह उम्मेदवार छन् । एमाले जसपा गठबन्धनबाट प्रतिनिधिसभामा जुली महतो, प्रदेश सभाको लागि 'क'मा एमालेका दीपेन्द्र ठाकुर र 'ख'मा जसपाका जितेन्द्र यादव उम्मेदवार छन्।

# सप्तरीबाट बागी र स्वतन्त्रको उम्मेदवारी फिर्ता

**टुडे समाचारदाता**

सप्तरी । आगामी ४ मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा सप्तरीमा २० महिला सहित १ सय ७६ जना उम्मेदवारले प्रतिस्पर्धा गर्ने निश्चित भएको छ।

यस अघि आईतवार १ सय ८१ जनाले मनोनयनपत्र दर्ता गराए पनि बुधवार ५ जना स्वतन्त्र उम्मेदवारले उम्मेदवारी फिर्ता लिएपछि १ सय ७६ जना उम्मेदवारबीच प्रतिस्पर्धा हुने निश्चित भएको छ।



उम्मेदवारी फिर्ता लिनेहरुमा प्रतिनिधिसभा क्षेत्र नं. ३ बाट स्वतन्त्र उम्मेदवारी दिएका सुरेन्द्र शर्मा "मधेशी" छन । जनमत पार्टीका उनी टिकट नपाएपछि पार्टीका आधिकारीक उम्मेदवार अनिस अंसारी विरुद्ध बागी उम्मेदवारी दिएका थिए। जनमतका अध्यक्ष डा. सिके राउतको पहलमा उनले उम्मेदवारी फिर्ता लिएको पार्टी स्रोतले जनाएको छ।

यस्तै प्रदेशसभा ३ को "क" बाट सत्तागठबन्धनका साझा उम्मेदवार मो.समिम विरुद्ध बागी हुदै स्वतन्त्र उम्मेदवारी दिएका एकीकृत समाजवादीका अनिल कुमार गुप्ता र ३ को "ख" मा स्वतन्त्र उम्मेदवारी दिएका कांग्रेसका अमरेन्द्र कुमार यादवले पनि उम्मेदवारी फिर्ता लिएका छन्।

यस्तै केन्द्रस्तरमा भएको गठबन्धन र सहमति विपरीत निर्वाचन क्षेत्र १ को प्रदेशसभा 'ख' मा सत्तारुढ गठबन्धन दलका आधिकारिक उम्मेदवार कांग्रेसका बद्री महात्मान विरुद्ध बागी उम्मेदवारी दिएका लोसपाका कुमर नाथ मिश्र र निर्वाचन क्षेत्र नं. ४ को प्रदेशसभा 'क' मा स्वतन्त्र उम्मेदवारी दिएका मोहम्मद गफुरले पनि उम्मेदवारी फिर्ता लिएका छन्।

मुख्य निर्वाचन अधिकृत हेमन्त रावलले पाँच जनाले उम्मेदवारी फिर्ता लिएको पुष्टि गर्दै अब प्रतिनिधिसभा र प्रदेशसभाका गरी कुल १ सय ७६ जनाको उम्मेदवारी कायम भएको जानकारी दिए।

यो संगै जिल्लामा ४ प्रतिनिधीसभाका लागि ६९ र ८ प्रदेशसभा सदस्य पदका लागि १ सय ७ जना चुनावी प्रतिस्पर्धामा रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

जस मध्ये विभिन्न दलबाट १३ जना र स्वतन्त्र ७ गरी २० महिला पनि चुनावी प्रतिस्पर्धामा छन्। मंसिर ४ गते हुने प्रतिनिधि र प्रदेशसभा सदस्य पदको निर्वाचनका लागि जिल्लामा ५ सय ३६ मतदान केन्द्र निर्धारण गरिएको छ भने कुल मतदाता संख्या ४ लाख १८ हजार ३ सय ७४ रहेको छ।

# एकजुट भएर लाग्ने गठबन्धनको प्रतिवद्धता

**टुडे समाचारदाता**

वीरगञ्ज। पर्सा निर्वाचन क्षेत्र नम्बर २ का सत्तागठबन्धका पाँच दलका नेता कार्यकर्ताले गठबन्धनका साझा उम्मेदवार हरुलाई जिताउन एकजुट भएर लाग्ने प्रतिवद्धता जनाएका छन्।

गठबन्धनबाट पर्सा क्षेत्र नम्बर २ मा प्रतिनिधीसभा उम्मेदवार कांग्रेसका अजय चौरसिया, प्रदेशसभा सदस्य उम्मेदवार २ को (क) मा कांग्रेसका श्याम पटेल र २ को (ख) मा लोसपाका रमेश पटेल चुनावी मैदानमा छन्।

बुधबार वीरगञ्जको नगरसभागृहमा लोकतान्त्रिक गठबन्धनले आयोजना गरेको भेलामा बोल्ने कांग्रेस , लोसपा, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चाका अगुवा नेताहरुले गठबन्धनका उम्मेदवारहरुलाइ जिताउन एकजुट भएर लाग्ने प्रतिवद्धता जनाएका हुन्।

उनीहरुले गठबन्धनबाट प्रतिनिधिसभा सदस्य उम्मेदवार चौरसीया, विगत देखि नै विकास प्रेमी छवि भएको नेता रहेका कारणले चौरसीयाको उम्मेदवारीले क्षेत्रका मतदाताहरुमा झन उत्साह छाएको दाबी गरेका थिए। उनीहरुले पाँच दलीय गठबन्धन यसै पनि बलियो अवस्थामा भएको भन्दै जनताबाट समेत उत्साहजनक प्रतिक्रिया आइरहेकाले यसले जित्ने माहोल झन बलियो भएको जिकिर गरेका थिए।



पाँच दलका अगुवा नेताहरुले प्रदेशसभा सदस्यका उम्मेदवारद्वय पटेल र कुर्मी पनि जनताको सेवामा सदैव लागि रहने नेता भएका कारण पर्सा २ मा प्रतिनिधिसभा र प्रदेशसभा गरी तीन वटै पदमा गठबन्धनको जित सुनिश्चित रहेको दाबी गरे । तर, चुनावमा दायाँवायाँ पनि हुन सक्ने भएकाले पाँच दलका सबै नेता कार्यकर्ताले इमान्दारीता भने देखाउने पर्नेमा उनीहरुले जोड दिएका थिए।

कार्यक्रमलाइ सम्बोधन गर्दै गठबन्धनका कांग्रेसका उम्मेदवार चौरसीयाले आफू पदमा रहे पनि नरहे पनि सदैव जनताको दुःख सुख र क्षेत्रको विकासमा सक्रिय रहँदै आएकाले यसपालि जनताले त्यसको अवश्य मूल्यांकन गर्ने विश्वास व्यक्त गरे। चौरसीयाले कांग्रेस नेतृत्वको पाँच दलीय गठबन्धनकै कारण संविधान र लोकतन्त्र मासिनबाट जोगिएकाले जनताले यो कुरा पनि बुझिरहेको बताए।

दुई तिहाईको सरकार समेत चलाउन नसक्ने, अनि मधेश र मधेशीलाई सधै हेप्दै आएको एमालेसंग मधेशको मसिहा भनाउदाहरुले चुनावी स्वार्थका लागि अपबित्र साँठगाँठ गरेकोले जनताले चुनावमा ती दुबै दलको पनि मूल्यांकन गर्ने उनले बताए। उनले जनचाहनाको सदैव सम्मान गर्न र गठबन्धनलाई विजयी बनाउने कार्यमा एकजुट भएर लाग्न नेता कार्यकर्तासंग आग्रह गरे।

कांग्रेसका क्षेत्रीय सभापति शाहबुद्धिनको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा एसका पोलिटब्यूरो सदस्य चिरञ्जीवि आचार्य, नेता मनोज चौधरी, कांग्रेस नेता श्याम पोखरेल, नेकपा माओवादी केन्द्रका नेता प्रभाकर गुप्ता र अमिताभ बच्चन दास, लोसपाका जिल्ला उपाध्यक्ष सन्तोष तिवारी, कांग्रेसका नेताहरु विजय सर्राफ लगायतको सहभागिता रहेको थियो।

# स्वतन्त्र उम्मेदवारले पाए चुनाव चिन्ह

**टुडे समाचारदाता**

जनकपुरधाम । स्वतन्त्र उम्मेदवारले चुनाव चिन्ह पाएका छन्। बुधबार निर्वाचन आयोगले सबै स्वतन्त्र उम्मेदवारलाई चुनाव चिन्ह प्रदान गरेको छ। चुनाव चिन्ह पाएपछि उम्मेदवारहरु औपचारिक रुपमै प्रचार प्रसारमा जुटिसकेका छन्।

नेपाली कांग्रेसले टिकट नदिएपछि सर्लाहीको निर्वाचन क्षेत्र ४ बाट स्वतन्त्र उम्मेदवारी दर्ता गराएका अमरेश सिंहले माछा निर्वाचन चिन्ह पाएका छन् । पाँच दलीय गठबन्धनबाट यो सीट कांग्रेसकै भागमा परेको छ। कांग्रेसले यहाँ कांग्रेस सभापति शेरबहादुर देउवा समूहका नागेन्द्र रायलाई उम्मेदवार बनाएको छ। तर यस अघि ०७४ मा निर्वाचित भएका सिंहलाई भने टिकट दिइएको छैन्। सिंह कांग्रेस नेता शेखर कोइराला समूहका नेता थिए।

पर्सा निर्वाचन क्षेत्र १ बाट पनि कांग्रेसका नेता अजय द्विवेदीले पनि बागी भएर स्वतन्त्र उमेदवारी दिएका छन्। उनले पनि माछा चुनाव चिन्ह नै पाएका छन् । यहाँ पाँच दलीय गठबन्धनबाट लोसपाका लक्ष्मण लाल कर्ण उम्मेदवार छन् । यसयघि यहाँ तत्कालिन संघीय समाजवादीबाट प्रदीप यादव निर्वाचित भएका थिए । प्रदीप अहिले एमाले-जसपा गठबन्धनको साझा उम्मेदवार छन्।

यस्तै, रौतहट निर्वाचन क्षेत्र ३ बाट प्रतिनिधिसभातर्फ स्वतन्त्र रुपमा उम्मेदवारी दिएका प्रभु साहले चापाकल चुनाव चिन्ह पाएका छन् । उनले नेकपा एमालेबाट उम्मेदवारी नदिएर प्यानलसहित स्वतन्त्र उम्मेदवारी दिएका छन्। रौतहटको सबै निर्वाचन क्षेत्रमा प्रभु साह निकटले स्वतन्त्र उम्मेदवारी दिएका छन्।

पर्सा निर्वाचन क्षेत्र २ को 'ख'बाट स्वतन्त्र उम्मेदवारी दिएकी करिमा वेगमले 'बल्ब' चुनाव चिन्ह पाएकी छन्। उनलाई जनता समाजवादी पार्टी (जसपाले) टिकट नदिएपछि बागी भएर स्वतन्त्र उम्मेदावरी दर्ता गराएकी छन् । सर्लाही निर्वाचन क्षेत्र ३ को 'ख'बाट स्वतन्त्र उम्मेदवारी दिएका सामाजिक अभियन्ता सरोज रायले 'लालटेन' चुनाव चिन्ह पाएका छन्।

यस्तै, धनुषा निर्वाचन क्षेत्र ३ बाट स्वतन्त्र उम्मेदवारी दिएका नेपाल पत्रकार महासंघ धनुषाका पूर्व अध्यक्ष उमेश साहले 'चापाकल' चुनाव चिन्ह पाएका छन् । एमाले नेतृ जुली महतो र लोसपा नेता अनिल झासँग साहको प्रतिस्पर्धा छ । सोही निर्वाचन क्षेत्रको 'ख' मा प्रदेशसभातर्फ कांग्रेसबाट बागी भएका स्वतन्त्र उम्मेदवार हरिशंकर साहले टेबुल पंखा चुनाव चिन्ह पाएका छन् । पाँच दलीय गठबन्धनमा यो सीट लोसपाको भागमा परेको छ। पाँच दलीय गठबन्धनबाट यहाँ लोसपा नेता परमेश्वर साह उम्मेदवार छन् । यही ठाउँमा जसपाका धनुषा जिल्ला उपाध्यक्ष अम्भु साहले पनि स्वतन्त्र उम्मेदवारी दिएका छन्। उनले पनि लालटेन निर्वाचन चिन्ह पाएका छन्।

लोसपाले टिकट नदिएपछि महोत्तरी निर्वाचन क्षेत्र २ को 'ख'मा स्वतन्त्र उम्मेदवारी दिएकी लोसपा नेतृ सुरीता साहले पनि लालटेन निर्वाचन चिन्ह पाएकी छन् । यो सीट पाँच दलीय गठबन्धन अन्तर्गत कांग्रेसको भागमा परेपछि साह बागी भएर स्वतन्त्र उम्मेदवारी दिएकी छन्। यहाँ कांग्रेसका नागेश्वर राय पाँच दलीय गठबन्धनका साझा उम्मेदवार छन् । साह यसयघि यही क्षेत्रबाट निर्वाचित भएकी थिइन्।

# पूर्व मन्त्रीहरुबीच कडा प्रतिस्पर्धा

**रञ्जन यादव**

बारा । बाराको निर्वाचन क्षेत्र नं.४ मा दुई जना पूर्व मन्त्रीहरुबीच कडा प्रतिस्पर्धा हुने देखिएको छ। प्रतिस्पर्धा देखिनेमा पूर्व श्रम तथा



रोजगार सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठ 'किसान' र पूर्व युवा तथा खेलकुद मन्त्री एकबाल मियाँ रहेका छन्।

पूर्वमन्त्री तथा नेकपा एकीकृत समाजवादीका नेता श्रेष्ठले बाम गठबन्धनको तर्फबाट उम्मेदवारी दिएका छन् भने पूर्व मन्त्री मियाँले एमाले-जसपा गठबन्धनमा एमालेको तर्फबाट उम्मेदवारी दिएका छन्। बि.स.२०७४ सालको निर्वाचनमा नेकपा एमालेका तर्फबाट तनहुँ जिल्लाको क्षेत्र नं.१ मा नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेललाई पराजित गरेका थिए । वरिष्ठ नेता पौडेलले तनहुँ जिल्लाको क्षेत्र नं.१ बाट लड्ने इच्छा जाहेर गरेपछि पूर्व मन्त्री श्रेष्ठले आफनो क्षेत्र छोडेर बारामा उम्मेदवारी दर्ता गराएका छन्।

बाम गठबन्धनबाट प्रदेश सभा सदस्य तर्फ 'क' मा नेकपा माओवादी केन्द्र बाराका अध्यक्ष समेत रहेका क्षेत्रबहादुर श्रेष्ठ (अनिल) र 'ख'मा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका मधेश प्रदेश इन्चार्ज जितेन्द्र सोनलले उम्मेदवारी दर्ता गराएका छन् । एमाले-जसपा गठबन्धनबाट प्रतिनिधि सभामा एकबाल मियाँ, प्रदेश सभा सदस्यतर्फ 'क' मा नेकपा एमालेका देव नारायण थारु र 'ख' मा जसपाका आत्माराम साहले उम्मेदवारी दर्ता गराएका छन्।

तत्कालिन राजपा नेपालबाट चुनाव जितेका पूर्वमन्त्री मियाँले सत्तारुढ गठबन्धनबाट टिकट नपाउने भएपछि पार्टी परिवर्तन गरेका छन् । २०७४ सालको निर्वाचनमा पूर्व मन्त्री मियाँले थारुलाई पराजित गरेका थिए। क्षेत्र नं.४ बाट एमालेले प्रतिनिधि सभा सदस्यका लागि देवनारायण थारुको एकल नाम सिफारिस गरेको थियो। मियाँ एमाले जसपा गठबन्धनबाट प्रतिनिधि सभा सदस्यमा उठेपछि चौधरीलाई प्रदेश सभा सदस्यको उम्मेदवार बनाइएको छ।

जेष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं ।

जेष्ठ नागरिकलाई दया होइन सम्मान गरौं,

जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप र क्षमताको उपयोग गरौं,

घर तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकमैत्री वातावरण निर्माण गरौं ।

सभ्यताको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

श्री धर्म संस्था ब्याहुत कलवार चौरासी
ब्याहुत सेवा समिति (कलवार कुट्टी) को
हार्दिक आमन्त्रण

श्री धर्म संस्था ब्याहुत कलवार चौरासी ब्याहुत सेवा समिति (कलवार कुट्टी) को नव निर्वाचित पदाधिकारीहरुको सपथ ग्रहण तथा पद हस्तान्तरण कार्यक्रम मित्र राष्ट्र भारत बिहार सरकारका पूर्व उपमुख्यमन्त्री मान्नीय तार किशोर साह ज्यूको प्रमुख आतिथ्यमा सुसम्पन्न हुने भएको छ । उक्त कार्यक्रममा सदस्य ज्यूहरु, पदाधिकारी ज्यूहरु, पूर्व अध्यक्ष ज्यूहरु लगायत सम्पूर्ण स्वजाती महानुभावलाई यसैलाई सूचनाको आधार मानी उपस्थितिका लागि हार्दिक आमन्त्रणा गर्दछौं ।

कार्यक्रम
मिति : २०७९ असोज २८ गते शुक्रवार
समय : बिहान : १०:०० बजे
स्थान : ब्याहुत सेवा समिति (कलवार कुट्टी)
जनकपुरधाम-४, धनुषा (नेपाल)



श्याम प्रसाद साह
नव निर्वाचित अध्यक्ष

शम्भु प्रसाद साह
अध्यक्ष

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८